# परिच्छेद - एक

## १. अध्ययनको परिचय :

विश्व मानचित्रमा नेपाल एशिया महादेशको उत्तरी गोलार्धमा पर्दछ । यो देश २६° २२' उत्तरी अक्षांश देखि ३०° २७' उत्तरी अक्षांशको विचमा र ८०° ४' पूर्वी देशान्तर देखि ८८° १२' पूर्वी देशान्तर विचमा रहेको छ । कूल १,४७,१८१ वर्ग कि.मी.क्षेत्रफलमा फैलिएको हाम्रो देश नेपालले विश्वको कूल क्षेत्रफलको ०.०३% र एशिया महादेशको कूल क्षेत्रफलको ०.३ % ओगटेको छ [१] । नेपाल एशिया महादेशमा अवस्थित सानो भूपरिवेष्ठित राष्ट्र भए पनि विश्वमा धार्मिक, ऐतिहासिक र सांस्कृतिक विविधताले भरिपूर्ण देशका रुपमा चिनिन्छ ।

परापूर्वकाल देखि नै नेपाली समाजमा धर्मको महत्वपूर्ण स्थान रहदैं आएको छ । यहाँ हिन्दु धर्मको बाहुल्यता भएपनि बौद्ध, इस्लाम, इसाई धर्मावलम्वीहरु पनि प्रशस्त मात्रामा पाइन्छन् । त्यसैले यहाँको संस्कार र संस्कृति हिन्दु, बौद्ध, इस्लाम तथा इसाईहरुको मिश्रित उपज अर्थात धार्मिक विविधतामा धार्मिक सहिष्णुता नेपालको पहिचान हो । यिनै विविध धर्मको प्रतिनिधित्व गर्ने मठमन्दिर, गुम्बा, मस्जिद, चर्चहरु नेपालका मौलिकता मान्न सकिन्छ । यसै क्रममा कास्की जिल्लामा पनि विभिन्न मठमन्दिर, गुम्वा, मस्जिद, चर्चहरु अवस्थित रहेका छन । तिनै ऐतिहासिक तथा धार्मिक मठमन्दिरहरु मध्ये पोखराको प्रमुख पर्यटकीय स्थल फेवातालको मुटुमा रहेको अति आकर्षक ताल वाराही मन्दिर पनि एक हो ।

[१] ज्ञानेश्वर भटराई, **बृहत ज्ञान कोष**, बुटवलः लक्ष्मी पुस्तक सदन, सातौं संस्करण, २०५२ पृ. २२५

यसै परिप्रेक्ष्यमा यस ताल वाराही मन्दिरको ऐतिहासिक, धार्मिक महत्व र वातावरणीय प्रभावका साथै त्यस क्षेत्रको संरक्षण सम्वर्द्धन र विकासको बिषयमा अध्ययन गरी जनसमक्ष ल्याउने प्रयास गरिएको छ ।

## १.१ समस्याको कथन :

पोखरा उपत्यकामा  अवस्थित विभिन्न ऐतिहासिक महत्वका मठमन्दिर, गुम्बा, गुठी, पाटी पौवाहरुको अध्ययन गरेको पाइएपनि राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रख्यात यस ताल वाराही मन्दिरको बारेमा खासै औपचारीक रुपमा अध्ययन अनुसन्धान हुन नसकेको परिप्रेक्ष्यमा निम्न जिज्ञासाहरुको समाधान गर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

(१) ताल वाराही मन्दिरको स्थापना र विकास कसरी भयो ।

(२) ताल वाराही मन्दिरको ऐतिहासिक,धार्मिक महत्व कस्तो रहेको छ ।

(३) ताल वाराही मन्दिर क्षेत्रको संरक्षण र विकासका लागी गरि आएका पहल र भविष्यका योजनाहरुको बारेमा विश्लेषण गरि जनसमक्ष ल्याउनु ।

## १.२ अध्ययनको उद्देश्य :

प्रत्येक खोज र अध्ययन निश्चित उद्देश्यको लागी गरिन्छ । त्यसैले यस शोध अध्ययनको उद्देश्यहरु निम्न छन् ।

(१) ताल वाराही मन्दिरको उत्पति देखी हाल सम्मको तथ्यलाई प्रकाश पार्नु ।

(२) यस मन्दिरको ऐतिहासिक तथा धार्मिक महत्वको अध्ययन गर्नु ।

(३) ताल वाराही मन्दिर र फेवाताल क्षेत्रले वातावरणमा पारेको प्रभावको चित्रण गर्नु ।

## १.३ अध्ययनको महत्व :

ताल वाराही मन्दिरसंग सम्बन्धित विविध पक्षको गहिरो अध्ययन अनुसन्धान गरि सत्य तथ्य कुरालाई सर्वसाधारण समक्ष प्रकाश पारी यस क्षेत्रको थप विकासका लागी जानकारी उपलब्ध गराउने कार्यमा यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्ने छ । यस मन्दिरले धार्मिक क्षेत्रमा पारेको प्रभावको बारेमा उल्लेख गर्नुका साथै हाल सम्म यस मन्दिरको बारेमा अध्ययन नगरिएको हुंदा यसको अध्ययन महत्वपूर्ण छ । यसका अतिरिक्त त्यस क्षेत्र संग आवद्ध संघ संगठनहरुले त्यस क्षेत्रको संरक्षण र विकासका लागी गरि आएका कार्यहरु र भविष्यका लागी बनाएका योजनाहरुको बारेमा उजागर गर्नु यस अध्ययनको महत्व रहनेछ ।

## १.४ पूर्व कार्यको समिक्षा :

प्राचिनकाल देखिनै संस्कृतिको धनि देश नेपालमा विभिन्न धर्मका धार्मिक महत्व बोकेका धार्मिक क्षेत्रहरु पाइन्छन । यस्ता धार्मिक क्षेत्रहरुको वारेमा केही हदसम्म अध्ययन अनुसन्धान भएको पाइन्छ । यिनै धार्मिक क्षेत्रहरु मध्ये पोखरामा रहेको ताल वाराही मन्दिरको बारेमा केही पुस्तकहरु र पत्रपत्रिकाहरुले उल्लेख गरेका छन् ।

रोनाल्ड एम वर्नियर द्धारा सन् १९७० मा लेखित **"टेम्पलस अफ नेपाल"** मा हिन्दु धर्मको बारेमा उल्लेख गरेको छ । विशेष गरि काठमाण्डौ उपत्यका, पाटन, भक्तपुर, किर्तिपुर क्षेत्रका धार्मिक मठमन्दिरहरुको उल्लेख गरेको पाइन्छ ।

डा. डि. बि. लामिछाने द्धारा सन् २००० सालमा लिखित **"फेवा लेक वाटरसेड एरिया : स्टडिज अन सेटलमेन्ट एण्ड इनभाइरमेन्टल अप्राइजल"** भन्ने पुस्तकमा फेवातालको उत्पत्ती तथा यसको वातावरणीय प्रभाव सम्बन्धमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

डा. दिल वहादुर क्षेत्रीद्धारा २०५७ सालमा लिखित **"सिद्द शक्तिपीठ श्री विन्दवासिनी तथा पोखराका केही मठमन्दिरहरु संक्षिप्त परिचय"** भन्ने पुस्तकमा पोखरा उपत्यकाका केही महत्वपूर्ण र परिचित मठमन्दिर, गुफा, स्तुप चैत्यहरुको परिचय एवम ऐतिहासिक पृष्ठभूमिको बारेमा वर्णन गरिएको छ ।

पुरुषोत्तम ढकाल द्धारा वि.स. २०६२ सालमा लेखित **"मन्दिरै मन्दिरको देश नेपाल"** भन्ने पुस्तकमा नेपालका विभिन्न मठ मन्दिरहरुको विश्लेषण गर्ने क्रममा ताल वाराही मन्दिरको बारेमा पनि उल्लेख गर्नु भएको छ । जसमा मन्दिरको वनावट, मन्दिरको निर्माण शैली, वाराहीको पूजा, महिमा, मन्दिर क्षेत्रको मनोरम प्राकृतिक दृश्य, पूजा विधि, परम्परागत प्रथाहरुको वारेमा छोटकरीमा उल्लेख गरिएको छ ।

डा. दिल वहादुर क्षेत्री र डा. विश्व श्रेष्ठ द्धारा सन् २००८ जून मा पोखरा बाट प्रकाशित **"पोखरा भ्याली अ जिओकल्चरल प्रसपेक्टिभ"** भन्ने पुस्तकमा पोखराका विभिन्न भौगोलिक र सांस्कृतिक महत्व वोकेका सम्पदाहरुको वर्णन गर्ने क्रममा प्रसिद्ध ताल वाराही मन्दिरको पनि वर्णन गरेको छ । जसमा ताल वाराही मन्दिरको धार्मिक, ऐतिहासिक महत्व, शक्तिशाली भगवतीको रुपमा यस मन्दिर प्रतिको सवै धर्मावलम्वीहरुको आकर्षण, सांस्कृतिक पुरातात्विक अध्ययन, सौन्दर्यको दृष्टिले पर्यटकीय महत्व, स्थापना, प"जा व्यवस्था, हालको मन्दिरको स्थापना, वास्तुकलाको वारेमा विशेष वर्णन गरिएको छ ।

ऋषिराम शर्मा को २०६५ सालमा **"श्री केदारेश्वर महादेव मन्दिर वैदाम कास्कीको ऐतिहासिक तथा वातावरणीय अध्ययन"** नामक स्नातकोत्तर तहको शोधपत्रमा केदारेश्वर मन्दिरको ऐतिहासिक, धार्मिक एवं वातावरणीय पक्षको विस्तृत अध्ययन गरिएको छ । उक्त कृति ताल वाराही मन्दिरको बारेमा सिधै सरोकार राख्ने नभएतापनि मन्दिरहरुको

उल्लेख गरिएको परिच्छेदमा ताल वाराही मन्दिरलाई पनि महत्वपूर्ण मन्दिरको रुपमा उल्लेख गरेको पाइन्छ ।

घनश्याम राजकर्णिकारको **"देश प्रदेशको भ्रमण केही संस्मरण"** नामक पुस्तकमा ताल वाराही मन्दिरको विषयमा चर्चा गरेको पाइन्छ । यस पुस्तकमा ताल वाराहीको उत्पत्ती सम्बन्धमा प्रचलित किम्वदन्ती लाई वुढी भिखारीको श्रापको रुपमा उल्लेख गरेको पाइन्छ । यसका साथै देवी प्रतिको आदर र श्रद्धालु भक्तजनहरुको श्रद्धाको वर्णन गरेका छन ।

माथि उल्लेखित पुस्तक तथा लेख रचनाहरुमा श्री ताल वाराही मन्दिरको वारेमा आ-आफ्नै तरिकाले छोटो-छोटो चर्चा गरिएको पाइन्छ। केही विद्धानहरुले मन्दिरको परिचय दिने क्रममा मन्दिरको संक्षिप्त जानकारी दिएका छन् भने कसैले पर्यटकीय महत्व, मन्दिरको उत्पत्ती वा मन्दिरको नाम मात्र उल्लेख गरेका छन् । प्रस्तुत कृतिहरुले ताल वाराही मन्दिरको कुनै एक वा केही पक्षहरु मात्र उल्लेख गरेको भए पनि विस्तृत वर्णन नपाइएकोले यस शोधपत्रमा ताल वाराही मन्दिरको विविध पक्षमा अध्ययन र अनुसन्धान गरिएको छ ।

## १.५ अध्ययनको सीमा :

प्राचिनकाल देखि नै नेपाल एउटा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्व बोकेको राष्ट्र हो । विभिन्न पवित्र धार्मिक तिर्थ स्थलहरु निहित रहेको हाम्रो देशको पोखरा उपत्यकामा विभिन्न धर्मका धार्मिक स्थलहरु रहेका छन ।

पोखराका प्रसिद्ध धार्मिक स्थलहरुमा विन्दवासिनी मन्दिर, ताल वाराही मन्दिर, राम मन्दिर, भद्रकाली, शोभाभगवती, नारायणस्थान, गणेशस्थान आदी रहेका छन । तर मेरो यस सानो शोधपत्रमा सबै मठमन्दिरहरुको बारेमा व्याख्या तथा विवेचना गर्न सम्भव नभएकोले ताल

वाराही मन्दिरको ऐतिहासिक अध्ययन, अवस्थिती, बनोट शैली, पूजा व्यवस्था, गुठी व्यवस्था, धार्मीक महत्व, आर्थिक विकास र वातावरणीय प्रभावको अध्ययन र अनुसन्धानमा मात्र यो शोध पत्रलाई सिमित गरिएको छ ।

## १.६ शोध विधि :

यस अध्ययनलाई तथ्यपरक तथा यथार्थपरक बनाउन निम्न विधिको प्रयोग गरिएको छ ।

**(क) प्राथमिक श्रोत**

प्राथमिक श्रोत अन्तर्गत मन्दिर क्षेत्रमा स्थलगत अध्ययन भ्रमण अवलोकन गर्नुका साथै मन्दिर संग सम्वन्धित र मन्दिरको बारेमा जानकारी भएका व्यक्तिहरु, मन्दिरका प"जारी, मन्दिर संचालक समितिका सदस्यहरु, स्थानिय वासिन्दाहरु संग अन्तरर्वाता लिइएको छ । साथै मन्दिर संग सम्वन्धित पुराना कागजपत्रहरु, दस्तावेजहरु, अभिलेखहरु, जनश्रुतिहरुलाई पनि समावेश गरिएको छ ।

**(ख) सहायक श्रोत**

सहायक श्रोत अन्तर्गत यस मन्दिरसंग सम्वन्धित लेख, रचना, पुस्तक, पत्रपत्रिकाहरु, अप्रकाशित शोध पत्रहरु आदि सामाग्रीहरुको प्रयोग गरिएको छ ।

## १.७ शोधपत्रको संगठन :

शोध कार्यलाई व्यवस्थित तरिकाले प्रस्तुत गर्ने उद्देश्यले यस अध्ययनलाई निम्न सात परिच्छेदमा वर्गीकरण गरिएको छ ।

**परिच्छेद एकमा** अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, पूर्व कार्यको समिक्षा, अध्ययनको सिमा, शोध विधि र अध्ययनको संगठनको बारेमा उल्लेख गरिएको छ ।

**परिच्छेद दुईमा** पोखरा उपत्यकाको समग्र भौगोलिक परिचय जस्तै क्षेत्रफल, भुबनोट, हावापानी आदीका बारेमा उल्लेख गरिएको छ।

**परिच्छेद तीनमा** पोखरा उपत्यकामा अवस्थित विभिन्न धार्मिक महत्वका स्थानहरु जस्तै मठमन्दिर, गुम्वा, विहार, स्तुप, चर्च, मस्जिद आदिका बारेमा तथा पोखरा उपत्यकाको धार्मिक विविधताको बारेमा उल्लेख गरिएको छ ।

**परिच्छेद चारमा** ताल वाराही मन्दिरको ऐतिहासिक पृष्ठभूमि, अवस्थिती, नामाकरण, स्थापना, जनधारणा, मन्दिरको, वनोट शैलीको बारेमा उल्लेख गरिएको छ ।

**परिच्छेद पाँचमा** ताल वाराही मन्दिरको पूजा व्यवस्था, गुठी व्यवस्था, पूजारी व्यवस्था, मन्दिर व्यवस्थापन समितिको गठन तथा भुमिका, विशेष पूजा तथा चाडपर्व, मेला सम्वन्धी विस्तृत अध्ययन गरिएको छ ।

**परिच्छेद छमा** प्राकृतिक सुन्दरता, पर्यटकीय विकास, आर्थिक विकास, सरसफाई, ताल वाराहीको वातावरणीय संरक्षण तथा सम्वर्धन, यसको रमणीय पक्ष, मन्दिरले तालमा पारेको वातावरणीय प्रभाव, रोजगारीको विकास आदिको बारेमा उल्लेख गरिएको छ ।

**परिच्छेद सातमा** निष्कर्षको आधारमा ताल वाराही मन्दिरको सुधारको लागी विभिन्न पक्षलाई उपयुक्त हुने सुझावहरु वुंदागत रुपमा यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद – दुई

## २. पोखरा उपत्यकाको भौगोलिक परिचय :

नेपाल अधिराज्यको मध्य भागमा सुन्दर पोखरा उपत्यका पर्दछ । भूगर्भशास्त्रीहरुको अनुसार हिमकालमा अन्नपूर्ण हिमाल बाट उत्पन्न हिमनदीहरुको पानी जम्मा भएर ठुलो तालको रुपमा रहेकोमा पछि ताल खोलिएर यो उपत्यकाको जन्म भएको थियो । भौगोलिक, विविधतायुक्त यस उपत्यकामा फेवाताल, रुपाताल, वेगनाशताल जस्ता दशौं मनमोहक तालहरु रहेका छन् । चुनको चट्टान वढि पाईने यो उपत्यकालाई सेती गण्डकीले काटी गहिरा गल्छीहरु र ओडार वा गुफाहरु वनाएको छ, जस्तै- महेन्द्रगुफा, चमेरा गुफा, गुप्तेश्वर गुफा, डेभिडफल आदी । भौगोलिक स्थिती हेर्दा २५°०७' उत्तरी आक्षंश देखि र २५°११' उत्तरी आंक्षाश सम्म र ८३°५०' पुर्वी देशान्तर देखि ८४°५०' पूर्वी देशान्तर सम्म यो उपत्यका फैलिएको छ । अन्नपूर्ण हिमालको दक्षिण फेदीमा रहेको यो उपत्यका समुन्द्र सतह देखि करिव ८८४ मिटर उचाईमा छ । यसको पूर्व पश्चिम लम्वाई ४५ कि.मी. तथा उत्तर दक्षिण चौडाई ८ देखि १० कि.मी. सम्म छ । अन्नपूर्णाको दक्षिण काखमा रहेको यो प्रदेशमा रमणिय माछापुच्छ्रेको छाँया फेवातालमा पर्दछ ।[१]

प्राकृतिक सुन्दरताको दृष्टिले नेपालको स्वीजरल्याण्ड भनिने मनमोहक पोखराको दृश्यावलोकन गरेर संसारका पर्यटकहरु कहिल्यै पनि तृप्त हुदैनन् । पोखराका मनमोहक कुराहरुमा अन्नपूर्ण, माछापुच्छ्रे आदि हिमालहरु, फेवा, वेगनास, रुपा, मैदी, स्यार्पु जस्ता तालहरु, सेतीगण्डकीको भांस र डेविडफलको भव्यता, गुप्तेश्वर गुफा, महेन्द्रगुफा, सराङकोट र काँहु शिखर, नेपालका गुरुङ्ग, मगर, थकाली आदी ५० औं जनजातिहरुका जीवनपद्धती र संस्कृतिको आर्कषण प्राकृतिक र सांस्कृतिक स्वरुप झल्कने सुन्दर झाँकी, फेवातालको

---

[१] बुद्धि प्रसाद पोखेल, **नेपालको भौतिक, आर्थिक र सांस्कृतिक भुगोल**,पोखराः सिग्देल प्रेश, २०६३, पृ.-१५

किनारा स्थित लेकसाईड बजार, होटल लजहरुको चहलपहलको रंगीन दृश्य, फेवामा बोटिङ्ग आदी नै मुख्य हुन् । सुन्दर प्राकृतिक र विविध मानव संस्कृति र सभ्यताको अनुपम टुक्रा पोखरा क्षेत्र साँच्चै भु- स्वर्ग नै हो ।[२]

कास्की जिल्लाको उत्तरपूर्वमा लमजुङ, दक्षिण पश्चिममा स्याङ्गजा, उत्तरमा मनाङ र मुस्ताङ, दक्षिण पूर्वमा तनहुँ र पश्चिममा पर्वत जिल्ला पर्दछन ।[३] कास्कीको वर्तमान वनोट त्रिभुज आकारको छ । यस जिल्लामा १ उप-महानगरपालिका, १ नगरपालिका तथा ४६ गा.वि.स. एवंम ३ संसदीय निर्वाचन क्षेत्र छन् । उत्तरमा हिमाली क्षेत्र देखि दक्षिणमा वेशी सम्म फैलिएको कास्की जिल्लाको भु-वनोटलाई हिमाली प्रदेश, लेकाली प्रदेश, पहाडी प्रदेश, उपत्यका वेशी तथा टार प्रदेश गरी मोटामोटी ४ क्षेत्रमा विभाजन गरिएको छ।[४]

## २.१ हिमाली प्रदेश :

कास्की जिल्लाको उत्तरमा हिमाली प्रदेश पर्दछ । यस प्रदेशमा रहेका मुख्य हिमश्रृंखलाहरु मध्येमा अन्नपूर्ण हिमश्रृंखला पर्दछ । यस श्रृंखला भित्र विश्व प्रसिद्ध चुचुराहरु अन्नपूर्ण पहिलो, दोश्रो, तेश्रो र चौथो तथा माछापुच्छ्रे जस्ता पर्वतहरु पर्दछन् ।[५] पोखरावाट हेर्दा कास्की जिल्ला यिनै पर्वतको काखमा वसेको जस्तो देखिन्छ ।[६] हिमालहरु सालैभर सेतो हाँसीरहे जस्तो देखिन्छन् यस प्रदेशको सिमाना हिमाल पारिको जिल्लाको नामले चिनिने जिल्ला मनाङ र

[२] ऐजन, पृ.-१६

[३] **कास्की जिल्लाको वस्तुगत विवरण,** वि.स. २०५२, पृ.-९

[४] **मेची देखि महाकाली, भाग ३,** काठमाण्डौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, २०३१, पृ.-३००

[५] शरणहरि श्रेष्ठ, **नेपालको आर्थिक तथा मानव भुगोल**, काठमाडौंः एजुकेशनल इन्टरप्राइज प्रा.लि.,२०४७, पृ.-१४

[६] डा. राजाराम सुवेदी, **कास्की राज्यको ऐतिहासिक परिचय**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०६०,पृ.-६

मुस्ताङसंग जोडिएको छ ।[७] यो प्रदेश नेपालका अन्य हिमश्रृंखला जस्तै पूर्व पश्चिम लम्विएर फैलिएको छ । यो हिमाली प्रदेश समुन्द्र सतहवाट १६००० फिट देखि २६००० फिटको उचाईमा रहेको छ ।[८] नेपालमा १६००० फिटको उचाईलाई हिमरेखा भनिएको छ। त्यसैले यहाँ पनि १६००० फिट भन्दा माथिको उचाईमा हिउँ जमिरहन्छ ।[९] यहाँ अविछिन्न रुपमा बगीरहने नदीहरुले यस प्रदेशलाई बिच बिचमा कटानी गर्दा भञ्ज्याङहरु बनेका छन् । त्यहाँवाट नदीहरु झरनाको रुपमा बगेका छन् । यस प्रदेशलाई चिसो मरुभूमीको रुपमा पनि लिन सकिन्छ ।[१०]

## २.२ लेकाली प्रदेश :

लेकाली प्रदेश हिमाली प्रदेश भन्दा दक्षिणमा र पहाडी प्रदेश भन्दा उत्तरमा पर्दछ । यो लेकाली प्रदेश ७००० फिट देखि १६००० फिट सम्मको उचाईमा रहेको छ ।[११] यहाँ गृष्ममा न्यानो र छोटो तथा हिउँदमा उग्र जाडो र लामो हुन्छ । वर्षा तुलनात्मक रुपमा कम हुने र हिउँदमा हिउँ पर्ने भएकोले नरम खालका घाँसे वनस्पति उम्रन्छ । यो घाँसे वनस्पति हिउँदमा हिउँद्धारा पुरिन्छ । वसन्त ऋतुको आगमन संगै हिउँ पग्लन थालेपछि घाँसे वनस्पतिहरु तथा रंगिविरङ्गी फुलहरु पनि विस्तारै पलाउन थाल्दछन् । यो प्रदेशलाई वुक्यानी भनिन्छ ।[१२] यहाँको प्रदेश पत्रेचट्टानवाट वनेको हुँदा पत्थरिलो खालको छ । जुन खेतीपातीको लागि उपयुक्त हुँदैन । यो प्रदेश मानववस्तीको लागि

---

[७] पुर्ववत् पाद टिप्पणी नं.४, पृ.-३००

[८] पुर्ववत् पाद टिप्पणी नं. ६, पृ.-७

[९] पुर्ववत् पाद टिप्पणी नं. ५, पृ.-१४

[१०] पुर्ववत् पाद टिप्पणी नं. ८, पृ.-१४

[११] ऐजन

[१२] ऐजन

पनि उपयुक्त नभएकोले यहाँ पातलो वस्ती छ ।[१३] हिमालय पर्वत श्रेणीकै शाखाका रुपमा फैलिएको यस प्रदेशको दक्षिणतिर ज्यादै भिरालो परी प्रत्येक १ कोश मा २२०० फिट होचिदै गएको छ । त्यसैले यो प्रदेश पशुपालनका निमित्त महत्वपूर्ण हुनुको साथै जडीवुटिको लागि पनि त्यत्तिकै मुल्यवान मानिन्छ ।[१४] यस प्रदेशमा वस्ने मानिसले विशेष गरी भेंडा, च्याङग्रा तथा भैंसी गोठ राखी पशुपालन गरेको पाईन्छ । यहाँ भैंसीपालनको लागि महत्वपूर्ण खर्क तथा लेकहरु रहेका छन् । यस्ता लेकहरुमा भिउजुङ, गोरुजुरे, मिर्सा, अर्मला, पञ्चासे, सिक्लेस, पार्चे, तोल्का, घान्द्रुक, घलेल, ताप्रङ आदी महत्वपूर्ण छन् । ति लेकहरुबाट टुसा, निगाला, जडिवुटि आदी वन पैदावार प्राप्त हुन्छ ।[१५]

## २.३ पहाडी प्रदेश :

७ हजार फिट भन्दा तल वेशी तथा उपत्यका भन्दा माथिको प्रदेशलाई पहाडी प्रदेश भनिन्छ । कास्कीका अधिकांश गाँउवस्तीहरु यसै प्रदेशमा पर्दछन्। यहाँ न गर्मी न जाडो हुन्छ । त्यसैले यसलाई समशितोष्ण हावापानीको क्षेत्र मानिन्छ ।[१६] यस प्रदेशबाट बहने नदीहरु सिचाई तथा जल विद्युतको लागि महत्वपूर्ण मानिन्छ । यो प्रदेशको मथिल्लो भागमा कोणधारी वन तथा गुराँस प्रशस्त मात्रमा पाईन्छ भने तल्लो भागमा पतझड, वनस्पती अर्थात जंगल पाईन्छ । यस प्रदेशमा गृष्मऋतुमा वाष्प युक्त मौसमी वायुद्धारा बढि बर्षा हुन्छ। नेपाल अधिराज्यमा सवैभन्दा बढि बर्षा यस जिल्लाको उत्तर पश्चिममा

[१३] **ऐजन**

[१४] दिल वहादुर क्षेत्री, **सिद्ध शक्ति पीठ श्री विन्ध्यवासीनी तथा पोखराका केही मठ मन्दिरहरु संक्षिप्त परिचय,** पोखरा: श्री विन्ध्यवासीनी धार्मिक क्षेत्र विकास समिति, २०५७, पृ.-२

[१५] पूर्ववत् पाद टिप्पणी नं. १०, पृ.-७

[१६] पूर्ववत् पाद टिप्पणी नं. १४, पृ.-२

पर्ने लुम्ले गा.वि.स.को काँडेमा ४४९ से.मि. हुन्छ । त्यसै कारण पोखरालाई नेपालको चेरापुञ्जी पनि भनिन्छ ।[१७]

## २.४ उपत्यका वेशी तथा टार प्रदेश :

कास्की जिल्ला उपत्यका नदी, वेशी र टारहरुको संगम स्थल पनि हो । यस जिल्लामा एक रमणिय उपत्यका पर्दछ । जसलाई पोखरा उपत्यका भनिन्छ। यो उपत्यका कोत्रे खोला देखि फुर्सेखोला, विजयपुर देखि हेम्जा, सुईखेत, लामाचौंर, पुरन्चौर देखि भुर्जुङखोला, लाहाचोक, घाचोक, मर्दिखोला, कृस्ती, वौमारा, रिसिङ, घिरिङसम्म फैलिएको छ । यो पोखरा उपत्यकाको फैलावट एकैनाश छैन । यो ४८ माईलको व्यासमा फैलिएको छ ।[१८] यो उपत्यका ८२° ५०' पुर्व देखि ८४° १२' पुर्व देशान्तरसम्म फैलिएको एक विर्वतनिक उपत्यका हो । यसको क्षेत्रफल १२४ वर्ग कि.मी. छ ।[१९] किम्वदन्ती अनुसार पोखरा पहिले ठूलो तालको रुपमा थियो । महाभारतको युद्धपछि पाण्डवहरु हिमालय तिर लाग्दा उनीहरुद्धारा रिसिङको भिमादको डाँडों काटी पानी निकास गरेपछि पोखरा उपत्यका मानव वसोवास योग्य वन्न गएको हो भन्ने भनाई पनि रहेको पाईन्छ । त्यसैको स्मरण स्वरुप पोखराको भिमसेन टोल, भिमकालीपाटन, भिमढुङ्गो जस्ता नामहरु रहन गएका हुन ।[२०] यो उपत्यका पर्यटकीय धार्मिक तथा सांस्कृतीक रुपले विशेष महत्वपूर्ण मानिन्छ ।

---

[१७] पूर्ववत् पाद टिप्पणी नं. ९, पृ.-२९

[१८] पूर्ववत् पाद टिप्पणी नं. १५, पृ.-८

[१९] पूर्ववत् पाद टिप्पणी नं. १६ ,पृ.-३

[२०] पूर्ववत् पाद टिप्पणी नं. १८, पृ.-८

## २.५ नदी तथा ताल :

कास्की जिल्लामा थुप्रै नदी, खोला तथा खहरेहरु छन् तापनी यहाँको प्रमुख नदीहरुमा सेती नदीको महत्वपूर्ण स्थान छ । मादी, वियजपुर, हर्पन, मर्दीखोला, फुर्सेखोला, कालीखोला, भोटीखोला आदी नदी तथा खोलाहरुलाई पनि यहाँका मुख्य जलस्रोतको रुपमा लिन सकिन्छ ।[२१] प्राकृतिक सुन्दरताको धनी पोखरा उपत्यकामा धेरै रमणीय तालहरु छन् । यहाँका मुख्य तालहरुमा फेवाताल, वेगनासताल, रुपाताल, दिपाङ्गताल, मैदीताल, स्यार्पुताल, वढुवाताल, शान्तीकुण्ड आदि हुन । अतः कास्कीलाई नेपालको तालैतालको जिल्लाको रुपमा चिनिन्छ ।[२२] प्रसिद्ध भूगर्भशास्त्री टोनी हेगेनको मत अनुसार पोखरा उपत्यका पनि प्राचीन कालमा विशाल तलाउको रुपमा थियो पछि भौगोलिक परिवर्तनले यो विशाल तलाउको पानी बगेर गएपछि पनि गहिरो खाल्टोहरुमा जमेको पानी बगेर जान नसकी धेरै तालहरु निर्मित भएका थिए । यहाँका तालहरु आर्थिक, धार्मिक, पर्यटकीय सवै दृष्टिकोणले अति महत्वपूर्ण छन् ।[२३]

## २.६ हावापानी :

नेपालमा एसिया महाद्धीपको दक्षिण खण्ड अर्थात भारतीय उपमहाद्धीपवाट प्रभावित भएको मौसमी हावापानी पाईन्छ । तसर्थ कास्कीमा पनि मौसमी हावापानी नै पाईन्छ । वंगालको खाडीवाट वहेर आउने दक्षिण पश्चिमी मौसमी वायुले कास्कीमा पानी पार्दछ । अन्नपूर्ण हिमालको दक्षिण काखमा अवस्थित कास्की जिल्लामा पाईने हावापानीमा नेपालका अन्य पहाडी जिल्लाहरु सरहको मनसुनी जलवायुको प्रभाव पर्दछ ।[२४] हावापानीको

[२१] ऐजन पृ.-१३

[२२] पूर्ववत् पाद टिप्पणी नं. १, पृ.-६५

[२३] ऐजन पृ.-६६

[२४] पूर्ववत् पाद टिप्पणी नं. २०, पृ.-१०-११

दृष्टिकोणले यस जिल्लामा मुलतः हिमाली,लेकाली, ठण्डा शितोष्ण, मनसुनी, अर्धउष्ण, हावापानी पाईन्छ ।[२५] यस जिल्लाको अधिकतम तापक्रम अप्रिल महिनामा ३३$^{o}$ से.सम्म र न्यूनतम तापक्रम जनवरी महिनामा ५.६$^{o}$ से.सम्म पाईन्छ । हिमश्रृंखलाका नजिक र हिउँले ढाकेका क्षेत्र तथा वस्तीहरुमा यो भन्दा धेरै कम तापक्रम रहेको पाइन्छ ।[२६] जिल्लाभरी तापक्रममा एकरुपता छैन । यहाँको हावापानीमा धरातलले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

[२५] पूर्ववत् पाद टिप्पणी नं. ७, पृ.-३०६

[२६] पुर्ववत् पाद टिप्पणी नं. ३ ,पृ.-९

# परिच्छेद - तीन

## ३. पोखरा उपत्यकाको धार्मिक परिचय :

धर्मको शाब्दिक अर्थ धारण गर्नु भन्ने हुन्छ । धर्म शव्द 'धृ' धातुवाट धारण गर्ने भन्ने अर्थमा प्रयोग भएको छ । यसकारण धारण गर्न योग्य वस्तु नै धर्म हो । अर्थात न्याय, सत्य , सद्भाव र सत् चरित्र जस्ता कुरा धारण गर्नु धर्म हो । आचार-विचार र आचरण शुद्धिको आधारमा धर्मलाई व्याख्या गर्न सकिन्छ ।[१] वास्तवमा धर्मको प्रभाव आजको अवस्थामा मात्र नभई आदिम समय देखि नै मानव समाजमा रहेको पाइन्छ । तर सवै ठाउँमा एकै धर्मले नभई विभिन्न स्थानमा विभिन्न धर्मले प्रभाव पारेको पाइन्छ । वर्तमान समयमा मानव धर्मप्रति गहिरिएर सोच्दैनन् । तरपनि मानव अलौकिक शक्तिलाई सर्वशक्तिमान ठान्दछन् । नेपाली समाज भाग्यवादी अवधारणा र विश्वासको गहिरो छापमा चुर्लुम्म डुबी प्रत्येक कुरा जन्म देखि मृत्युसम्म ईश्वरकै निगाह र अनुकम्पामा विश्वास राख्दछ । त्यसैको प्रतिफल वर-पिपलको वोटविरुवा देखि लिएर अन्य ढुंगा माटाका मुर्ति एवंम पाखा, पहरा समेतमा साक्षात् भग्वानको अनुभूती स्वरुप मुर्ति, प्रकृती र रुख वृक्ष समेतलाई आ-आफ्नो संस्कार र संस्कृती अनुसार पुज्दै आएको स्पष्ट देख्न पाईन्छ ।[२] प्रत्येक धर्ममा सत्य, परोपकार, सेवा अहिंसा आदी समावेश गरिएको हुन्छ । मानव त्यसको अनुसरण गर्दछ । समग्रमा मानिसलाई जीवित अवस्थामा सुख र शान्ति प्राप्त गर्न र मृत्युपछि पुन मानविय प्राणीको रुपमा जन्म लिन तथा स्वर्गमा सुखको

[१] खगेन्द्र निरौला, **नेपाल परिचय**, काठमाण्डौः रत्न पुस्तक भण्डार, भोटाहिटी, २०४८, पृ.-१२३

[२] दिल वहादुर क्षेत्री, **सिद्ध शक्ति पीठ श्री विन्ध्यवासीनी तथा पोखराका केही मठ मन्दिरहरु संक्षिप्त परिचय,** पोखराः श्री विन्ध्यवासीनी धार्मिक क्षेत्र विकास समिति, २०५७, पृ.-१३

साथ वस्ने अवसर मिलोस् भनेर देवता तथा ईश्वर प्रति भक्ति भाव प्रकट गर्ने भावनालाई धर्म भनिन्छ । जुन मानव विकासको प्रारम्भवाट आजसम्म विविध रुपले विकसित हुदै आएको पाईन्छ । यद्यपी भौतिक युगमा धर्मको विपरित अवस्था त्यत्तिकै वढेको देखिन्छ ।[३]

व्यवहारीक रुपमा धर्मलाई आ-आफ्नै शैली र तौर तरिकावाट वर्णन गर्नु भिन्न धर्महरुको पारम्परिक सोच देखिन्छ । तर सवै धार्मिक सम्प्रदायको जड आध्यात्मिकवाद नै हो । हिन्दु, मुस्लिम, क्रिश्चियन, सिख, बौद्ध जुनसुकै धर्मपनि आध्यात्मिकवादवाट विचलित भएको पाईदैंन । मानिस आत्म शान्तिको कामनार्थ धर्म प्रति झुकाव राख्दछन् । धर्मले समाजलाई मर्यादित र अनुशासित वनाउन मद्दत गर्दछ । धर्म प्रतिको आस्थाकै कारण धर्मको व्यापक अस्तित्व रहेको छ ।

## ३.१ धार्मिक सहिष्णुता :

मानव संस्कृतिको विकास संगै धार्मिक सहिष्णुता र एक अर्को धार्मिक समुदाय विच सह-अस्तित्व को विश्व मै अनुपम एवं उदाहरणीय पहिचान गराउन सफल नेपाली समाज समग्रमा एक आर्दश समाजको रुपमा चिनिन्छ । जसको उदाहरणको रुपमा यस मुलुकका धार्मिक स्थलहरुलाई लिन  सकिन्छ । जहाँ हिन्दु तथा वौद्ध धर्मका मुर्ति एकै स्थानमा राखी आदर सम्मानका साथ पूजा गरिदै आएको पाइन्छ । पोखरा उपत्यका खास गरि विविध जातजाति ,धर्म-संस्कार र संस्कृतिका व्यक्तिहरुको वसोवासको थलो बनेको छ । यहाँ विभिन्न किसिमका धार्मिक अस्तित्व वोध गराउने विविध मठमन्दिर, गुम्वा ,स्तुप ,चैत्य आदिको अस्तित्व पाइन्छ ।

पोखरा उपत्यका तालैताल गुफै-गुफाहरुले मात्र सुशोभित नभई विविध धर्म ,संस्कार र संस्कृति झल्काउने मन्दिर, गुम्वा, विहार, मस्जिद, चर्च

[३] रेशराज अधिकारी, **समाजशास्त्र र मानवशास्त्रको परिचय**, काठमाण्डौः रत्न पुस्तक भण्डार, २०५२, पृ.-२२१

आदिको पनि प्रचुर मात्रामा अस्तित्व रहेको पाइन्छ । यस उपत्यका नगरीलाई मात्र इंगित गर्ने हो भने “प्रत्येक टोल,प्रत्येक मन्दिर” ले चिनिन्छ । अन्नपूर्ण र माछापूच्छ्रे जस्ता विश्व विख्यात हिमालहरु र फेवा वेगनास , रुपा जस्ता ताल एवं विभिन्न गुफा सेती गण्डकी तथा अन्य नदी समेतको आशिष प्राप्त यो उपत्यका वास्तवमै एक अनुपम रमणीय स्थल र भौतिक एवं आध्यात्मिक दुवै दृष्टिले महत्वपूर्ण एवं दर्शनीय स्थान बनेको छ ।[४] यहाँ विभिन्न किसिमका धार्मिक अस्तित्व वोध गराउने मन्दिर, गुम्वा, स्तुप, मस्जिद, चर्च, चैत्य घाट, तीर्थस्थल आदि रहेका छन ।

## ३.२ मन्दिर :

मानव जीवनमा धर्मको सर्वोपरि महत्व हुन्छ । मानव जीवन जन्म देखि मृत्यु सम्म धर्मको बाटो अनुरुप नै अगाडी बढी रहेको हुन्छ । सत्यको बाटोमा हिंड्नु पर्छ, सत्य झुक्दैन असत्य टिक्दैन भन्ने कुरालाई जोड दिएर सबैलाई सत्मार्गमा लाग्न मनमा रहेको कुविचार, कुकर्म, कुसंस्कार, कुरीतीलाई त्यागी सत्मार्गमा लाग्नु सफलताको कडी हो भन्ने प्रेरणा धार्मिक स्थलले दिन्छ । धर्ममा आस्था राख्नेहरु पूजाआजा र दर्शनको निम्ति, आफ्नो मनको कामना सिद्ध होस भन्नको लागी भनौ वा सत्यम शिवम् सुन्दरम् भन्ने मुलमन्त्रलाई मुख्य रुपमा जोड दिनेहरुनै धार्मिक स्थलमा आउने गर्दछन् । धार्मिक क्रियाकलापहरुको अबलम्वन बाट नै मनुष्यले मोक्ष प्राप्त गर्न सकेको हुन्छ भन्ने कुरामा हिन्दुहरु विश्वस्त रहेको पाईन्छ । हिन्दु धर्मको केन्द्रविन्दुको रुपमा मन्दिरलाई लिन सकिन्छ । पोखरा उपत्यकामा रहेका महत्वपूर्ण मन्दिरहरु यस प्रकार छन् ।[५]

---

[४] पुर्ववत पाद टिप्पणी नं. २, पृ.-१३

[५] दिल वहादुर क्षेत्री र डा. विश्वश्रेष्ठ, **पोखरा भ्याली अ जिओकल्चरल प्रसपेक्टिभ**, पोखराः गगन श्रेष्ठ र पार्वती क्षेत्री, २००८ जुन, पृ.-४८-८८

१ श्री विन्ध्यवासिनी मन्दिर, विन्ध्यवासिनी

२ ताल वाराही मन्दिर,फेवाताल

३ भद्रकाली मन्दिर, कुँडहर

४ राधाकृष्ण मन्दिर, नदीपुर

५ लक्ष्मी नारायण मन्दिर, नदीपुर

६ शिव मन्दिर, रामघाट

७ गीता मन्दिर, रामघाट

८ केदारेश्वर महादेव मन्दिर, वैदाम

९ सिद्धेश्वर महादेव मन्दिर, फुलवारी

१० शोभा भगवती मन्दिर, रानीपौवा

११ गुप्तेश्वर महादेव मन्दिर, छोरेपाटन

१२ विश्वनाथ शिव मन्दिर, नयाँबजार

१३ राम मन्दिर, रामघाट

१४ राम मन्दिर, ड्याम साईड

१५ जलविनायक गणेश मन्दिर, तेर्सापट्टि

१६ गणेश मन्दिर, गणेशटोल

१७ भिमसेन मन्दिर, भिमसेन टोल

## ३.३ रामघाट

कास्की जिल्लामा पोखरा वजारको दक्षिणमा रामघाट नामक तीर्थस्थल अवस्थित छ । पोखरामा सेती गण्डकी कतै भित्र पातलिएको छ भने कतै बाहिर उत्रिएको छ । पोखराको उत्तरमा बागवजार संगै पण्डित पौवाबाट सेती गण्डकी धर्ती भित्र पातलिएर काली खोलाको दोभानमा गएर बाहिर उत्रिएको छ । यसै गरी नारायणस्थान नेर वाट पातलिएर तुलसीघाटमा गएर

उत्रिएको छ। रामघाटमा सेती गण्डकी पातलिएको दायाँ बायाँको दुवै किनारा रामघाट नामबाट प्रसिद्ध छ।

पोखराको रामघाटमा पोखरा बजार र त्यस वरपरको मात्र नभएर स्याङजा जिल्ला बाट पनि मानिसको शव दाहसंस्कार गर्न ल्याउँछन। रामघाट जाने पूर्व पट्टिको बाटोको छेवैको पखेरोमा रामसीताको मुर्ति खोपिएको शिला स्थापना गरिएको छ। त्यस देखि माथी पट्टि डिलमा शिवालय अवस्थित छ। यस शिवालय संगै गीता मन्दिर वनाईएको छ। गीता मन्दिर परिसरमा तीर्थवास बस्ने भक्त भक्तिनीहरुको आश्रम पनि छ। शिवालय देखि केही तल गुरुङ्गहरुको बौद्ध अर्घोसदनात्मक संस्थाको गुम्वा अवस्थित छ। यस ठाउँलाई तुलसी घाटको अतिरिक्त सतीघाट वा शक्तिघाट पनि भनिन्छ।[६]

रामघाटको पश्चिममा वैरागी वन, सिद्धगुफा र एउटा शिवालय अवस्थित छ।यसै वैरागी वनलाई शान्ति वाटिका पनि भनिन्छ। रामघाट पवित्र तिर्थस्थल हो। जुन गंगास्नान र अन्त्यष्ठीको लागि प्रसिद्ध मानिन्छ। यहाँ तिज, ठूलो एकादशी र मांघेसक्रान्तिमा मेला लाग्दछ। सेतीमा स्नान गरेर शिवजीको दर्शन गरी नाचगान गर्ने चलन छ।[७]

## ३.४ ढुङ्गे साँघु

सेती गण्डकी धर्ती भित्र अतिनै गहिरो गरेर पातलिएको छ। भुंई साघुरिएको ठाउँमा सेती गण्डकी माथि ढुङ्गाको एउटा छपनी राखिएको छ। त्यही ढुङ्गाको छपनीलाई साँघुको रुपमा प्रयोग गरेर मानिसहरु आवतजावत गर्दछन। अत : यसै ढुङ्गाको नामबाट त्यस ठाउँलाई ढुङ्गे साँघु भनिएको हो।

---

[६] जगमान गुरुङ्ग, **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्षमा गण्डकी प्रसवण क्षेत्रका तिर्थस्थलहरुको विश्लेष्णात्मक अध्ययन,** काठमाण्डौः नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., किर्तिपुर, २०६१, पृ.-१२५

[७] ऐजन, पृ.-१२६

ढुङ्गे साँघुमा गंगा स्नान गरी सदाशिव मन्दिरमा दर्शन गर्ने प्रचलन रहेको छ । विशेष गरी ढुङ्गे साँघुमा माघे सक्रान्तिमा ठुलो धार्मिक र व्यापारीक मेला लाग्दछ । यस मेलाको निकै गरिमा भएको वुझिन्छ ।[८] यस मेलामा विशेष गरी स्थानिय स्तरमा उत्पादीत कृषि औजारहरु, भाँडाकुडाँहरु र कृषि उपजहरुको उल्लेखनीय व्यापार हुने गरेको पाइन्छ ।

## ३.५ स्तुप :

कास्की जिल्लाको पुम्दी भुम्दी गा.वि.स.स्थित अनदु डाँडाको टुप्पामा रहेको वौद्ध स्तुपले पोखरा उपत्यकाको धार्मिक तथा पर्यटकीय महत्वलाई थप वृद्धि गरेको छ । यो स्तुप ३४४ फिट परिधिमा निर्मित छ भने उचाई ११५ फिट रहेको छ । यसको अग्रभागमा जापानवाट ल्याइएको एक विशाल वुद्धमुर्ति स्थापित गरिएको छ भने त्यसको चौरतिर नेपाल लगाएत एशियाका श्रीलङका, थाइल्याण्ड आदि देशमा निर्मित वौद्ध मुर्तिहरुले स्तुपमा थप आर्कषण वढाएका छन् । पोखरा क्षेत्र मै एकमात्र रहेको यस स्तुपले शान्ति र सद्भावको सन्देश प्रवाह गरिरहेको अनुभव गराउँछ । [९]

विश्व शान्ति स्तुप ताल वाराही मन्दिर क्षेत्रबाट स्पष्ट देख्न सकिन्छ । यस स्तुपमा जाने मानिसहरु फेवा ताल हुंदै ताल वाराहीको दर्शन गरेर जाने गर्दछन् भने शान्ति स्तुप बाट ताल वाराही हुँदै फर्कने पनि गर्दछन् । यसरी हेर्दा हिन्दु धर्म र बौद्ध धर्मको मेललाई यि दुई मन्दिर र स्तुपले उजागर गरेको पाइन्छ ।

---

[८] ऐजन

[९] पूर्ववत पाद टिप्पणी नं. ५, पृ.-५३

## ३.६ गुम्वा,विहार

शान्ति, अहिंसा, ज्ञान र सत्कर्ममा विश्वास गर्ने वौद्ध धर्मावलम्वीहरुको धार्मिक स्थल वा पूजा स्थललाई गुम्वा, विहार भनिन्छ । गुम्वा वा विहारमा धर्मावलम्वीहरुले वौद्ध धर्मका ग्रन्थहरुको वाचन वा जप गर्नुका साथै धार्मिक गुरुहरुवाट वुद्धका उपदेशहरु ग्रहण गर्दछन् ।

**पोखरा उपत्यकामा अवस्थित केही प्रमुख गुम्वा विहारहरु यस प्रकार छन् ।**

१ धर्मशिला वुद्धविहार ,नदीपुर

२ मैत्री चैत्य, नदीपुर

३ कर्म धोर्जे वुद्धविहार, माटेपानी ।

४ रामघाट गुम्बा [१०]

## ३.७ चर्च

क्रिश्चीयन धर्मावलम्वीहरुको धार्मिक स्थलको रुपमा चर्चलाई लिइन्छ । पोखरामा चर्चको इतिहासलाई अध्ययन गर्दा सन् १९५२ मा स्वदेशी तथा विदेशी क्रिश्चीयन धर्म प्रचारक टोलीको आगमन संगै सन् १९५५ मा नेपालकै पहिलो चर्चको रुपमा रामघाटमा चर्च स्थापना भएको थियो । जुन चर्चले विभिन्न सामाजिक कार्यहरु जस्तै औषधी उपचार, शैक्षिक तथा सांस्कृतिक कार्यक्रम संचालन संगै क्रिश्चीयन धर्मको प्रचार गर्दथ्यो । यसरी क्रिश्चीयन धर्मावलम्वीहरुको संख्या विस्तार हुंदै जाँदा चर्चको संख्यामा पनि वृद्धि हुंदै गएको पाईन्छ । चर्चमा क्रिश्चीयनहरु प्रत्येक शनिवार भेला भएर जिसस क्राइष्टको जीवनीको बारेमा शिक्षा दिने, तालिम तथा सम्मेलनको

[१०] ऐजन, पृ.-५५-५७

आयोजना गर्ने, धर्म प्रवेश समारोह् गर्ने, वाईवलको शिक्षा दिने तथा प्रार्थना गर्ने आदि कार्यहरु गर्दछन् ।

**पोखरा उपत्यकामा अवस्थित केही प्रमुख चर्चहरु यस प्रकार छन् ।**

१ रामघाट चर्च, रामघाट

२ लामाचौर चर्च, लामाचौर

३ नयाँ गाउँ चर्च, नयाँगाउं

४ अमर दिप ज्योती चर्च, दीप

५ पेनिअल प्रार्थाना भवन, विरौटा

६ सन्त अन्त मारिया चर्च, वगालेटोल

७ वागवजार चर्च, वागवजार

८ फूलवारी गोसपेल चर्च, फूलवारी

९ प्रार्थना भवन, छोरेपाटन [११]

## ३.८ मस्जिद

नेपालमा राज्य व्यवस्था कायम गर्ने समयमा विभिन्न जातजातिहरु अन्यत्र बाट नेपाल प्रवेश गरेको पाइन्छ । नेपाल प्रवेश गर्ने सम्प्रदाय र जातजाति मध्ये मुसलमान सम्प्रदाय पनि एक हो । एक ईश्वरवादी, अल्लाहका उपासक, मोहम्मदलाई दुतको रुपमा स्वीकार गरि अदृश्य ईश्वरीय शक्तिको विश्वासमा हिंडने, मूर्ति पुजाको विरोध गर्ने र इश्लामले तय गरेका आधारभुत ५ सिद्धान्तमा रही जीवन व्यतित गर्ने मानिसहरुनै मुसलमान हुन् । यिनै मुसलमानहरुको धार्मिक स्थलको रुपमा मस्जिद रहेको पाइन्छ । मुस्लिम समुदायले मस्जिदमा गएर इश्लाम धर्म संग सम्वन्धित ध्यान गर्ने गर्दछन् । महिला र पुरुषले घरमै बसि नमाज पढने गर्दछन् । नमाज पढने व्यक्ति र लगाउने कपडा संधै सफा हुनुपर्दछ । मुसलमानले पढने अर्को महत्वपूर्ण नमाज जुम्मा नमाज हो । यो नमाज प्रत्येक शुक्रबार आफ्नो नजिकको मस्जिदमा

[११] दिवाकर जैशी, **क्रिशिचियानिटि इन पोखरा भ्याली,** पोखराः २००४, पृ.-२८,३५

गएर पढदछन् । मस्जिदमा पुरुषहरु मात्र नमाजका लागी आंउदछन् । मुसलमानहरु मस्जिदलाई पवित्र स्थल वा अल्लाहको घरको रुपमा लिने गर्दछन् । त्यसकारण हप्ताको एक पटक मस्जिदमा पढिने नमाज अन्य घरमा पढिने नमाज भन्दा ज्यादै महत्वपूर्ण मान्दछन् । यो नमाज मस्जिदमा गएर पढ्नाले बढि लाभ र मोक्ष प्राप्त हुने विश्वास गर्दछन् ।

**पोखरा उपत्यकामा रहेका केही मस्जिदहरु :**

१. जाम-अ मस्जिद, मियाँपाटन

२. जाम-अ मस्जिद, चिप्लेढुङ्गा [१२]

पोखरा उपत्यकामा बसोबास गर्ने विभिन्न धर्मावलम्बीहरुमा हिन्दु, बौद्ध, इसाई, इश्लाम आदि रहेका छन् । यस्ता विभिन्न धर्म मान्ने धार्मिक समुदायले पोखरा उपत्यकाको धार्मिक परिचय झल्काएका छन । जहाँ विभिन्न धर्मका प्रतिनिधित्व गर्ने धार्मिक स्थलहरु मन्दिर, गुम्वा, स्तुप, विहार, चर्च, मस्जिद, घाट, तिर्थस्थलहरु आदि रहेका छन् । यी धार्मिक आस्थाका धरोहरहरुमा जुनसुकै धर्म मान्ने धार्मिक समुदायले पनि आस्था र श्रद्धा प्रकट गर्दछन् ।

[१२] अर्जुन गुरुङ्ग (घले), **मियाँपाटन पोखराका मुसलमानहरुको ऐतिहासिक चिनारी-एक अध्ययन**, स्नातकोत्तर शोध पत्र, त्रि.वि.वि.,वि.सं.२०६०,पृ.-७

# परिच्छेद – चार

## ४. ताल वाराही मन्दिरको ऐतिहासीक अध्ययनः

प्राग ऐतिहासिक काल देखि नै नेपाल तिर्थस्थल पुण्यभूमि, हिमवत् क्षेत्र, मुक्तिदाता, स्वास्थ्य भूमिको रुपमा प्रख्यात हुदै आइरहेको कुरा स्कन्द पुराणको हिमवत् खण्डमा उल्लेख गरिएवाट यसको गौरव वढ्दै गएको छ ।[१] नेपालको वारेमा श्रुति, स्मृति, पुराना धर्मशास्त्र, आर्युवेद, अर्थशास्त्र, पाण्डुलिपी तथा हिन्दुहरुका अठार पुराणमा समेत हिमालय पर्वत भनी यस क्षेत्रको वर्णन गरिएको छ । नेपालको वर्णन स्कन्द पुराणमा गरिएको छ । महाभारतमा गण्डकी, कोशी , कर्णाली ,वाग्मती आदि प्रदेशको छुट्टा छुट्टै अध्यायमा वर्णन गरिएको छ ।[२]

महाभारतमा गण्डकी प्रदेशमा पर्ने कास्कीको छुट्टै ऐतिहासिक महत्व छ भनि उल्लेख भएको पाइन्छ । ज्ञान र विद्याको समेत विशेष महत्वपुर्ण स्थान राख्ने यस जिल्लालाई विद्या हराए कास्की जानु भन्ने उखानसँग जोड्न खोजेको यदाकदा सुनिन्छ । तर आजकल विद्या हराए काशी जानु भन्ने उखान प्रचलित भएकोले कास्की पिछडिन पुगेको छ ।[३]

कास्कीकै वृक्षस्थलमा सिद्धाश्रम विन्ध्यवासिनी, शिव गोरक्ष मन्दिर, भद्रकाली, प्रियवर्त तपोभूमि, माछापुच्छ्रेको फेदीमा रहेको उपवराह, फेवातालको ताल वाराही, पुष्करावती, पोखरा रामघाट, रामकोट शिवालय, गंगाश्रम,काँडेवराह जस्ता पवित्र तिर्थस्थल पर्दछन् । यसका साथै अरु पवित्र तिर्थ स्थलको रुपमा नारायण मन्दिर, गणेशस्थान, कास्कीकोट, लाहाचोक, भुमे, सुनझाँकी, भैरवस्थान, वडाकोट, विश्वेश्वर महादेव वाटुलेचौर, वडामौला,

[१] राजाराम सुवेदी , **कास्की राज्यको इतिहास**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६०, पृ.–२३
[२] ऐजन
[३] ऐजन, पृ.–४

ऊँकोटेश्वर शिव, जयमाँकाली, सल्यानका सिद्ध आदि आदिकालिन मठ मन्दिरले कास्कीको इतिहासको प्रतिनिधित्व गर्दछन् ।[४]

फेवाताल र ताल वाराहीको उत्पतिको वारेमा एउटा लोककथा प्रचलित छ । यस कथा अनुसार अहिले फेवाताल भएको ठाउँमा पहिले एउटा गाउँ वा वस्ती थियो । एक पटक स्वयम् भगवान त्यस ठाउँमा मानिसहरुको पाप र पुन्य जाँच्नको लागि एउटा बुढी भिखारीको भेष लिएर गाउँमा भिक्षा माग्न आएछन् । तर कसैले पनि दया गरी उनलाई एकमुठी अन्न पनि दान नदिएपछि आखिरमा त्यही गाउँकी एउटी बुढी आईमाईले ती बुढी भिखारीलाई केही भिक्षा दिइछिन् र बास वस्न पनि दिइछिन् । उक्त वुढी आइमाई अत्यन्तै गरिब थिईन् । अर्काको ढिकी जाँतो गरेर खान्थिन् । तर निकै दयालु थिईन् । ती दयालु आइमाई देखि खुशी भई बुढी भिखारी ले उनलाई आशीष दिई 'घर छोडी आजै पर' जानु अव सर्वस्व स्वहा हुनेछ भनेर त्यही बाट अर्न्तध्यान भइछिन् । त्यहीदिनको मध्यरात देखि घनाघोर पानी परेछ सात दिन सम्म थामिएनछ । वुढी आमाको छाप्रो बाहेक सवै गाउँ पानीमा डुवेछ र त्यही तालको प्रार्दुभाव भएछ । जुन अहिले फेवताल नामले प्रख्यात छ । पछिका सन्ततिले त्यत्रो प्रलय गर्ने ति भिखारी आइमाई अरु कोही नभएर साक्षत् वाराहा भगवती नै हुन् भन्ने अड्कल गरी देवीलाई आदरपूर्वक त्यही टापुमा विराजमान गराई ताल वाराही भनि सम्वोधन गरेछन् ।

पोखराको फेवातालको ताल वाराही र ढोर जसपुरको ताल एवं ढोर वाराहीको विचमा अन्तर सम्वन्ध छ भन्ने अनुश्रृति पनि पाइन्छ । ढोरजसपुरमा अहिले ताल छैन ताल फुटेको हुनाले खेत वनाएको छ । यसरी ताल फुटेर खेत वनाएको ठाउँलाई ताल वेशी भनिन्छ । अघि पोखरा फेवातालको ताल वाराही र ढोर जसपुरको ताल वेशी स्थित ढोरवाराही विचमा लडाई हुँदा पोखरा फेवातालको ताल वाराहीले ढोरजसपुरको ताल वेशी स्थित ताल फुटाइदिएको

4 ऐजन पृ.-२३-२४

हो भन्ने किम्वदन्ती छ त्यसकारण आज सम्म पनि  ढोर जसपुरका वासिन्दा फेवातालमा डुङ्गा चढेर ताल वाराहीको दर्शन गर्न जांदैनन् र गएमा अनिष्ट हुन्छ भन्ने  विश्वास छ । यसैगरि पोखराको फेवातालको ताल वाराहीमा जति पशुवली चढ्दछ ढोरवाराहीमा त्यती नै लहरी चल्दछ भन्ने विश्वास रहेको पाइन्छ ।[५]

प्रचलित किम्वदन्ती अनुसार परापुर्व कालमा अहिले फेवाताल  भएको ठाउँमा वस्ती रहेको र एकदिन वेलुका एकजना वृद्ध जोगी वास माग्दै जाँदा गाउँमा अरुले बास नदिएपछि एक वृद्ध वुढीले बास वस्न त दिन सक्छु तर खान केही छैन ढुटोको रोटी छ के गरौं भन्दा जोगीले खुशी भई ढुटोको रोटी खाएर वाहिर सुतेछन् । भोलिपल्ट विहान हिड्ने वेलामा यो गाउँ जलमग्न भई भरिनेछ। तिमी अग्लो ठाउँमा चाडै जानु भनी हिडेछन् ।जोगी हिडेको केही वेरमा स्वाको आवाज आई पानी वढेर ताल वन्न पुग्यो । तिनी वृद्धा थुम्कीमा गई बाँचिन र उनको मरण पछि वि.स. १४६७ सालमा स्थानीयवासीले खरको झुप्रोमा मुर्ति स्थापना गरी पूजा गर्ने क्रममा एकदिन भीषण वर्षा भई मन्दिर रहेको थुम्को वगाएर हाल मन्दिर भएको स्थानमा अडिएछ । कास्कीका राजा कुलमण्डन शाहलाई मुर्ति स्थापना गरी सेवा गर्नु भन्ने सपना भए अनुसार खरको झुप्रो वनाई मुर्ति स्थापना गरेछन् । वि.स.१८६८ सालमा नित्य पूजा संचालन गर्न लालमोहर जारी गरी वैदामका पहारी परिवारलाई १०० मुरी खेत माटोको गुठी व्यवस्था गरिएको थियो । वि.स. २०१७ सालमा राजा महेन्द्रले झुप्रोको रुपमा रहेको मन्दिरलाई आधुनिक शैलीको मन्दिर निर्माण गराएर मुर्तिलाई एक फिट माथि राखे सोही दिन राजा महेन्द्रलाई मुर्ति पहिलाकै ठाउँमा राख्नु भन्ने सपना भएछ र मुर्तिलाई पुन एक फिट तल झारेर पुरानो तालको सतहमा राखियो । वि.स.२०३८ सालमा पोखरा नगर विकास योजनाबाट फेवा वाँध भत्केको समयमा मन्दिरको उत्तर पश्चिम तर्फ माटो भरेर अग्लो बनाई क्षेत्रलाई

---

[५] जगमान गुरुङ्ग, **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्षमा गण्डकी प्रसवण क्षेत्रका तिर्थस्थलहरुको विश्लेष्णात्मक अध्ययन,** काठमाण्डौः नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., किर्तिपुर, २०६१, पृ.-१२८-१२९

विस्तार गर्ने काम भयो । वि.स.२०५३ सालमा वर्तमान अध्यक्ष श्री हिक्मत वहादुर कुँवरको संयोजकत्वमा श्री ताल वाराही मन्दिर संरक्षण समिति गठन भयो । यस क्षेत्रको चौतर्फी भौतिक विकास निर्माण एवंम  विस्तार कार्यमा निरन्तरता दिन यस समिति, धर्मावलम्वी सरकारी निकाय र विभिन्न संघ संस्था सवैको व्यापक सहभागिता रहेको छ ।[६]

## ४.१ नामाकरण र जनधारणा

यस मन्दिरको नाम ताल वाराही मन्दिर रहन गएको संम्वन्धमा भगवान् विष्णुको १२ औं अवतारको रुपमा देवी प्रकट भएकी हुनाले वाराही नाम रहन गएको र तालको विचमा उत्पन्न भएकी देवी भएको हुँदा ताल वाराही देवी भनी सम्वोधन गरिएको भन्ने धारणा रहेको पाईन्छ । नेपालीहरु स्वभावैले ईश्वर प्रति आस्था राख्दछन् । उनीहरुको देवी देवताहरु प्रति आस्था भएकोले श्रद्धा र विश्वास हुनुलाई स्वाभाविक मानिन्छ । यही आस्था र विश्वासको कारण देव-देवीका मन्दिरहरुलाई शक्तिको रुपमा पूजा अर्चना गरिन्छ । ताल वाराही मन्दिरलाई अदभुत शक्ति भएकी देवीको मन्दिरको रुपमा लिईन्छ । यस मन्दिरमा स्वच्छ मनले भाकल गर्दा “जे माग्यो त्यही पुग्ने” वा भक्तजनहरुको मनोकामना पूर्ण  हुन्छ भन्ने जनविश्वास रहेको पाईन्छ । यस मन्दिरमा स्थानिय देखी राष्ट्रिय तथा अन्तराष्ट्रिय भक्तजनको घुंईचो लाग्दछ ।[७]

## ४.२ ताल बाराही मन्दिरको अवस्थिती :

पोखरा उपमहानगरपालिका वडा नं.६ मा फेवाताल अवस्थित छ । यो ताल पृथ्वी राजमार्गको पृथ्वीचोकको बाटो भएर मुस्ताङ्ग चोकवाट भित्री सडक राष्ट्रवैंक चोक हुदै तालको छेवैमा रहेको सुन्दर पक्की सडकबाट पुग्न सकिन्छ ।

[६] मन्दिरको शिलालेख वाट साभार गरिएको

[७] अर्न्तवार्ता **श्री चुडामणि अधिकारी**, वर्ष ५८, पूजारी श्री ताल वाराही मन्दिर २०६७।१०।१६

फेवातालको किनार स्थित वजारलाई लेकसाईड भनिन्छ । यही लेकसाईड बजारको वाराही चोक बाट भित्र पट्टी फेवातालको मध्यभागको सानो टापुमा ताल वाराही मन्दिर अवस्थित छ। फेवातालको उत्तरपट्टि फेवा नामक फाँट छ। त्यही फाँटको नामवाट यस तालको नाम फेवा रहन गएको हो । फेवातालको पुरानो वा अर्को नाम वैदाम ताल पनि हो । ताल वाराही मन्दिरको पूर्व पट्टी लेकसाईड वजार र रत्न मन्दिर पर्दछन् । दक्षिण पश्चिममा रहेको घनाजंगललाई रानी  वनको नामले चिनिन्छ । तालको उत्तरमा माछापुच्छ्रे, अन्नपूर्ण धौलागिरी जस्ता हिमश्रृंखलाहरु रहेका छन ।

# परिच्छेद – पाँच

## ५. ताल वाराहीको मन्दिरको बनौट शैली :

फेवातालको बिचमा सानो टापुमा रहेको मन्दिर वाराही देवीको मन्दिर हो । जसलाई ताल वाराही मन्दिर भनेर चिनिन्छ । यो मन्दिर, मन्दिर परिसर भन्दा अलिकति गहिरो गरी टापुको लगभग विच भागमा आधुनिक रुपमा प्यागोडा शैलीमा निर्मित गरिएको छ । यस मन्दिरमा काठ बाट निर्मित देवीदेवताहरुको आकृति सहितको कलात्मक एक ढोका र ६ वटा साना ठुला झ्यालहरु रहेका छन् । मन्दिरको दुवै छेउमा दुई ठुला ठुला घण्टाहरु दाहिने तर्फ शिलालेख, दानपेटी ,देब्रेतर्फ धुप बाल्ने ठाउँहरु रहेका छन् । देवी भगवतीको रक्षकको रुपमा रहेको सिंहको आकृतिलाई द्धारको दायाँ वायाँ राखिएको छ । जसको नजिकै दुवैतर्फ नेपालको झण्डा आकारको कलात्मक झण्डा पनि राखिएको छ । मन्दिरको द्धार माथि वाट छानामुनि पट्टी छाना अड्याउन राखिएको टोकलहरुमा कलात्मक शैलीमा देवीदेवताहरुका मुर्तिहरु वनाइएको छ । जुन मूर्तिहरुमा श्री वाराही देवी, श्री वालकुमारी, श्री रुद्रायनी, श्री विलुवी, श्री महालक्ष्मी, श्री कुमार, श्री गणेश, श्री चामुण्डा, श्री वराहीमाई, श्री वमायनी, श्री भगवती, श्री महाकाली, श्री मङ्लाकाली, श्री इन्द्रायनी आदि उल्लेख गरिएको छ । छाना माथि चारैतर्फ सूर्य देवताको सुनौलो मुर्ति राखिएको छ । जुन दुवै छानामा गरी चौसठ्ठी वटा छन् । छाना वाट तल झुण्डीने गरी चारैतिर चाँदी रंगमा आर्कषक वुट्टा भएको चदुवा राखिएको छ । जसमा श्री ५ महाराजधिराज महेन्द्र विरविक्रम शाहको जय जय जय उल्लेख छ । मन्दिरको छानाको टुप्पोमा सुनको जलप लगाएको घण्टा आकारको आकर्षक गजुर रहेको छ । मन्दिरको भित्तामा सेतो रंगमा रातो ढुङ्गा आकारको धर्सा लगाइएको छ । मन्दिरको ढोका बाहेक चारैतिर

फलामको डण्डी राखिएको छ । जसको माथि दीप प्रज्वलनको लागि १०८ वटा पालाहरु र पालाको ठीक तलवाट ९२ वटा घण्टीहरु झुण्डाइएको छ । मन्दिर भित्र तालको सतहमा पर्ने गरि ढुंगामा खस्रो पाराले खोपिएको वाराहीको मुर्ति स्थापित छ । वाराहीको मुर्तिको देव्रे तर्फ गणेशको मुर्ति र दाहिने तर्फ सुर्यको मुर्ति स्थापना गरिएको छ । यसका अतिरिक्त विशेष पर्व, मेला र नवदुर्गाको अवसरमा सुन र चाँदीबाट निर्मित देवीको मूर्ति पनि स्थापित गरिने प्रचलन पाइन्छ । मन्दिर भित्रको पानीको निकास तालमा हुने गरि गरिएको छ । मन्दिरको भित्तामा चन्द्र सूर्य अंकित ढुंगाको शिलामा रिद्धि सिद्धि शुभलाभ लेखिएको छ ।[१]

## ५.१ मन्दिर परिसर सम्वन्धी जानकारी:

ताल वाराही मन्दिर परिसर भित्र मुख्य मन्दिरको दाहिने पट्टी एउटा गणेश मन्दिर रहेको छ । गणेश मन्दिरको द्धारको देव्रेपट्टि दानपेटीका, द्धारलाई छोडेर मन्दिरको चारैतर्फ राखिएको फलामको डण्डीमा १०८ वटा पालाहरु राखिएको छ । मन्दिरको चार कुनामा ४ वटा घण्टाहरु राखिएको छ । मन्दिर भित्र गणेशको पित्तलको मुर्ति रहेको छ भने मुर्तिको ठीक माथि पित्तलकै झुम्का रहित चदुवा राखिएको छ ।

गणेश मन्दिरको अतिरिक्त मन्दिर परिसरमा यज्ञशाला, वधशाला,एककोठा, विश्राम गृह आदि रहेको छन् । यज्ञशाला मन्दिरको दाहिने तर्फ चारपाटे आकारमा एकतले छ । जुन खुला रुपको आर्कषक छाना भएको र छानामा सानो गजुर भएको छ । यज्ञशालाको मध्य भागमा यज्ञ गर्ने प्रयोजनका लागी अग्नि कुण्डको निर्माण गरिएको छ ।

मन्दिर परिसरको पछिल्लो भागमा एक ढोका भएको वधशालाको निर्माण गरिएको छ । जसमा पछाडी पट्टी पानीको ट्यांकी र धारा राखिएको छ । जुन पानी ट्यांकी स्व. पिता डम्वर वहादुर कुँवरको स्मृतीमा छोरी सुश्री

[१] स्थलगत अध्ययनमा आधारित

धनु कुँवर वाट समर्पित गरिएको हो । वधशालाको नजिकै फोहर फाल्ने प्रयोजनको लागि निश्चित ठाउँ छुट्याइएको छ । गणेश मन्दिरको दाहिने पट्टी एउटा विश्राम गृह रहेको छ । जुन दर्शनार्थीहरुको  लागी विश्राम स्थल र मन्दिर संरक्षण समितिको वैठक वस्ने प्रयोजनको लागी प्रयोग गरिन्छ । त्यसको माथि मन्दिरमा उडाइएका परेवाहरुको लागी २ वटा गुडहरुको व्यवस्था गरिएको छ । मन्दिरको ठीक पछाडी पट्टी एक कोठाको निमार्ण गरिएको छ । जुन मन्दिर संरक्षण समितिले उपयोग गर्दछ ।

मन्दिर परिसर भित्र फुल, प्रसाद, टिका, ध्वजाहरु सहित अन्य विविध वस्तुहरु विक्री  गरिने एक पसल राखिएको छ । जुन पसल संरक्षण समितिको निर्णय अनुसार टेण्डर आहवान गरेर राख्न दिइने व्यवस्था छ । पसल राखे वापत मन्दिर संरक्षण समिति लाई भाडा स्वरुप मासिक रु २८००० तिनुपर्ने प्रावधान वनाइएको छ ।[२]

मन्दिर परिसरमा बस्नको लागी वेन्चहरुको व्यवस्था, परिसर भित्र रहेका प्रत्येक रुखहरुमा गोलो अथवा चारपाटे हुने गरि चौतारीको निर्माण गरिएको छ । मन्दिरको चारैतिर रेलिङ्गको व्यवस्था गरिएको छ । जुन रेलिङ्ग पोखरा उपमहानगर विकास समितिको आर्थिक सहयोगमा २०५९ सालमा निर्माण गरिएको हो । मन्दिरमा निर्माण गरिएको रेलिङ्ग पूर्ण रुपमा सुरक्षित देखिदैन । जसले गर्दा मन्दिर वरिपरि दुर्घटनाको भय रहेको पाईन्छ । ताल देखि मन्दिर सम्मको बाटो लगायत मन्दिर परिसरमा ढुंगाहरु विच्छ्याईएको छ । ताल बाट छिर्ने र वाहिरीने वाटोमा सिडीको व्यवस्था गरिएको छ ।

पोखरा नगर योजना कार्यान्वयन समितिको कार्यालय बाट वातावरण सुधार कार्यक्रम अर्न्तगत वाराही मन्दिरको चारकुना जति क्षेत्र विस्तार गर्ने कार्य वि.स. २०३८ सालमा समाप्त भएको हो । त्यस्तै श्री ताल वाराही मन्दिरको कम्पाउण्डमा मार्वल राख्ने कार्य आरुखर्क गा.वि.स. बडा नं. ८ टोर्के

[२] अर्न्तवार्ता **श्री महेन्द्रमान पालिखे**, वर्ष ४६, सहकोषाध्यक्ष, श्री ताल वाराही मन्दिर संरक्षण समिति, २०६७।८।१६

स्याङ्गजा हाल पोखरा-१७, पार्दी मुस्ताङचोक, हिमाली टोल निवासी श्री दलकाजी गुरुङ्ग, श्रीमती सावित्री गुरुङ्ग, सुश्री नीता गुरुङ्ग र श्री नितेशकाजी गुरुङ्गको तर्फबाट वि.स. २०६१।७।१७ मा निर्माण गरिदिनु भएको हो ।[३]

## ५.२ पूजा व्यवस्था

ताल वाराही मन्दिरमा दैनीक पूजाको साथै विशेष पूजा तथा चाडपर्वको बेलामा पनि पूजाको व्यवस्था मिलाइएको छ ।

### ५.२.१ दैनीक पूजा

ताल वाराही मन्दिरमा हरेक दिन विहान ६ वजे देखि साँझ ६ वजे सम्म व्राहृमण पूजारीद्धारा पूजा अर्चना गरिन्छ । विहान मन्दिर वरपर, मन्दिर भित्र, मूर्तिहरु, अन्य धार्मिक वस्तुहरुलाई शुद्ध जलले स्नान गराई दीप प्रज्वलन गरी जल, धुप, दीप, नैवेद्य, पुष्प आदीले पूजा गरिन्छ । विहानै देखी साँझसम्म मन्दिरमा भक्तजनहरुको घुइचो लाग्दछ ।[४]

### ५.२.२ विशेष पूजा चाडपर्व मेला

ताल वाराही मन्दिरमा मङ्गलवार र शनिबारका दिन विशेष पूजा हुन्छ । औशी, एकादशी, रामनवमी, कृष्ण जन्माष्टमी, वुद्ध पुर्णिमा, शिवरात्री, सोहृश्राद्ध र श्रावण महिना भरी देवीलाई वली नचढाउने हुँदा उक्त समय वाहेक अरु दिन वलि दिइन्छ । हाँस,कुखुरा र बोकाको वलि दिने प्रचलन भएको पाइन्छ । यसका अतिरिक्त परेवा उडाएर तथा नरिवल फुटाएर पनि देवीको पूजा गर्ने प्रचलन छ ।[५]

---

[३] मन्दिरको शिलालेखवाट साभार गरिएको ।

[४] अर्न्तवार्ता **श्री निर्मल पाहारी**, वर्ष ३०, पूजारी श्री ताल वाराही मन्दिर २०६७।९।१५

[५] अर्न्तवार्ता **श्री वलराम गिरी**, वर्ष ५०, कोषाध्यक्ष, श्री ताल वाराही मन्दिर संरक्षण समिति, २०६७।७।५

विजयादशमीको अवसरमा घटस्थापना देखि पूर्णिमा सम्म देवी देवताको मन्दिरमा पूजा गर्ने प्रचलन अनुसार चाडपर्व मेला लाग्दछ । उक्त अवसरमा देवीको दर्शनको लागी देवीको उपासकहरुको ठुलो संख्यामा भिड लाग्ने गर्दछ । यस अवसरमा ताल वाराही देवीको विशेष मूर्ति पनि स्थापना गरिन्छ । दुर्गालाई शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्धमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्रीको रुप मानी उपासना गरिन्छ । कोजाग्रात पूर्णिमाको दिन बिशेष मेला लाग्दछ । उक्त दिनमा देश बिदेशका धेरै क्षेत्रबाट पूर्णिमा विशेष पूजा गर्ने  भक्तजनहरुको घुँइचो समेत लाग्दछ । जमरा टिका अर्पण गर्ने र बलि दिने समेत गरिन्छ । मनोकांक्षा पूर्ण हुने र दुखमा परेका मान्छेहरुलाई मुक्ति मिल्ने विश्वासका साथ ताल वाराही देवीको पूजा अर्चना गर्ने धार्मिक महत्व पाईन्छ ।[६]

## ५.३ पूजारी व्यवस्था

ताल वाराही मन्दिरको उत्पतीको समयमा कास्कीका राजा कुलमण्डन शाहलाई मूर्ति स्थापना गरी सेवा गर्नु भन्ने सपना भए अनुसार खरको झुप्रो वनाई मूर्ति स्थापना गरी वि.स. १८६८ सालमा नित्य पूजा संचालन गर्न लालमोहर जारी गरी वैदामका पाहारी परिवारलाई पूजारी नियुक्त गरिएको पाईन्छ ।[७] उक्त व्यवस्था अनुसार वैदामका पाहारीहरुले आजसम्म पूजारीको रुपमा कार्य गर्दै आएको पाईन्छ । पूजारीको जिम्मेवारी एक पछि अर्को पुस्तामा हस्तान्तरण हुने क्रममा पूजारीको संख्या पनि वढ्दै गएको पाइन्छ । पूजारीहरुले आफुलाई दिएको यो जिम्मेवारी आफ्ना सन्तानहरुमा समान रुपले वाँडे जस अनुसार नयाँ पुस्ताका सवै घर र एक छोरा नभएको छोरीको घरले समेत

[६] अर्न्तवार्ता **श्री दिनानाथ पाहारी**, वर्ष ८६, पूजारी श्री ताल वाराही मन्दिर २०६७।८।१९

[७] मन्दिरको शिलालेखवाट साभार गरिएको ।

पूजारी हुन पाउने व्यवस्था भएअनुसार पाहारी र अधिकारी दुई थरका पूजारीहरु रहेको पाइन्छ ।

यही व्यवस्था अनुसार पूजारी खलकहरु पालो मिलाई आ-आफ्नो पालोमा पूजा  गर्दछन् । एउटा पूजारीको पूजा गर्ने समय वा पालो एक हप्ता देखि एक महिना सम्म हुने गर्दछ । त्यसपछि अर्को पूजारीको पालो पर्दछ । यो क्रम चलिरहन्छ । यस मन्दिरमा दर्शनार्थीहरुले चढाएको दान, दक्षिणा र भेटी आफ्नो पूजा गर्ने समयावधी वा पालो भित्र पूजा गर्ने पूजारीहरुले नै लैजाने प्रावधान छ । यो बाहेक पूजारीलाई अन्य सुविधा दिने प्रचलन छैन । विशेष पूजा वा मेला पर्वको अवसरमा मन्दिरमा भएको आम्दानी मन्दिरको संरक्षण र विकास निर्माण कार्यमा खर्च गर्ने गरी वाराही मन्दिरको कोषमा राखिन्छ।[८]

**श्री ताल वाराही मन्दिरका पूजारीहरुः**

१. कमल प्रसाद पाहारी - घारीपाटन

२. कृष्ण राज पाहारी - स्कुल पाटन

३. गणेश पाहारी - खहरे

४. जगन्नाथ पाहारी - स्कुल पाटन

५. परशुराम पाहारी - स्कुल पाटन

६ रामचन्द्र पाहारी - डिहिको पाटन

७. नारायण प्रसाद अधिकारी - स्कुल पाटन

८ प्रेम राज पाहारी - स्कुल पाटन

९. नन्दीकेशर पाहारी - वसन्त वैठक

१०. दिनानाथ पाहारी - वसन्त वैठक

११. वामदेव पाहारी - स्कुल पाटन

१२. निर्मल पाहारी - घारीपाटन

---

[८] अर्न्तवार्ता, **श्री नारायण अधिकारी** , वर्ष ५०, पूजारी श्री ताल वाराही मन्दिर, २०६८।०१।०७

१३. सन्तोष पाहारी - डिहिकोपाटन

१४. श्री चुडामणी अधिकारी - स्कुल पाटन

## ५.४ श्री ताल वाराही मन्दिर संरक्षण समितिको गठन तथा भूमिकाः

यस ताल वाराही मन्दिरको संरक्षण,सम्वर्द्धन र चौतर्फी विकासका निमित्त स्थानीय वासीन्दाहरुकै सक्रियता र यस मन्दिरका वर्तमान अध्यक्ष श्री हिक्मत वहादुर कुँवरको पहलमा वि.स. २०५३ सालमा एक मन्दिर संरक्षण समितिको गठन गरिएको थियो । जुन संरक्षण समिति आजसम्म कायम रहेको छ । जसको कार्यकाल २ वर्षको हुन्छ । २ वर्षमा यसको अधिवेशन गरिन्छ । हाल सम्म सर्वसम्वत मनोनयनकै आधारमा पदाधिकारीहरु नियुक्त भएका छन्।[९] समितिको गठन देखि आजसम्मका अध्यक्षहरुको कार्यकाल यस प्रकार रहेको छ ।

२०५३-५५ सम्म श्री कृष्ण वहादुर खत्री

२०५५-५८ सम्म तोप वहादुर अधिकारी

२०५८-२०६८ सम्म हिक्मत वहादुर कुँवर

२०५८ मा गठन भएको वर्तमान संरक्षण समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण निम्नअनुसार छन् ।[१०]

**श्री ताल वाराही मन्दिर संरक्षण समिति**

**तालिका नं. १**

| क्र.स. | नम | पद | ठेगना |
|---|---|---|---|
| १ | हिक्मत वहादुर कुंवर | अध्यक्ष | वैदाम-६, वाराही चोक |
| २ | मित्रलाल पहारी | उपाध्यक्ष | वैदाम-६, वगैचा |
| ३ | परशुराम पहारी | सचिव | वैदाम-६, स्कुलपाटन |
| ४ | वलराम गिरी | कोषाध्यक्ष | वैदाम-६, गौरीघाट |

[९] पूर्ववत् पाद टिप्पणी नं. २

[१०] मन्दिर परिसरको पर्खालमा लिखित पाटीवाट साभार

| | | | |
|---|---|---|---|
| ५ | लेखनाथ अधिकारी | सह-सचिव | वैदाम-६, वसन्त वैठक |
| ६ | महेन्द्रमान पालिखे | सह-कोषाध्यक्ष | गणेश टोल-४, पोखरा |
| ७ | मनोज अधिकारी | सदस्य | वैदाम-६, लालुपातेमार्ग |
| ८ | डम्वर वहादुर नेपाली | सदस्य | वैदाम-६, भलछोपुवा |
| ९ | दल वहादुर ढकाल | सदस्य | पोखरा-१७, विरौटा |
| १० | गंगा भुजेल | सदस्य | वैदाम-६, वाराहीचोक |
| ११ | रमेश भुजेल | सदस्य | वैदाम-६, गौरीघाट |

**सल्लाहकारहरुः-**

| **नामः-** | **ठेगानाः-** |
|---|---|
| कृष्ण वहादुर खत्री | मालेपाटन-७, पोखरा |
| तोप वहादुर अधिकारी | वैदाम-६, वाराहीचोक |
| प्रेमराज शर्मा पाहारी | वैदाम-६, लालुपातेमार्ग |
| चुडामणी पाहारी | वैदाम-६, वाराहीचोक |
| काली वहादुर अधिकारी | वैदाम-६, वाराहीचोक |
| वुद्धी वहादुर अधिकारी | वैदाम-६, दरवारमार्ग |
| कृष्ण प्रसाद पाहारी | वैदाम-६, वाराहीचोक |
| प्रज्जोल श्रेष्ठ | वैदाम-६, वाराहीचोक |
| लक्ष्मी बहादुर भट्टराई | वैदाम-६, गौरीघाट |
| डिल बहादुर ढकाल | वैदाम-६, जरेवर |
| होम बहादुर पौडेल | वैदाम-६, गौरीघाट |

यस ताल वाराही मन्दिरमा संरक्षण समितिको गठन हुनुभन्दा अगाडी मन्दिरका पूजारीहरुबाट नै मन्दिरसंग सम्वन्धित कार्यहरु गरेको पाइन्छ । ताल वाराही मन्दिर संरक्षण समिति गठन पश्चात् पहिला भन्दा व्यापक प्रचारप्रसार र मन्दिर परिसरलाई व्यवस्थित तरिकाले व्यवस्थापन गरिएको हुँदा हाल मन्दिरमा दर्शन गर्नेको संख्या वढ्दै गएको छ । उक्त ठाउँ प्राकृतिक सुन्दरताको अनुपम उदाहरणको रुपमा पर्दछ । यस्तो  प्राकृतिक छटाले भरिपूर्ण तालको विचमा

अवस्थित मन्दिरमा ठुला धार्मिक अनुष्ठानहरु हुने, विवाह, व्रतवन्ध, अन्यकर्महरु र भिडियो, टि.भि., ठूलो पर्दाको सिनेमा छायाङ्कन हुने हुँदा यस स्थलको महिमाले झन् व्यापकता पाएको छ । समितिले यस धार्मिक क्षेत्रमा दैनीक पूजाआजा बाहेक विवाह, व्रतवन्ध, छायाङ्कन, धार्मिक अनुष्ठानहरु आयोजना गर्ने आयोजक संग धार्मिक क्षेत्रको सुधार संरक्षण सम्वर्द्धनको लागी भनि केही आर्थिक सहयोग अनुरोधात्मक रुपमा उठाउने गर्दछ । यसका अतिरिक्त मन्दिरको आजिवन सदस्य शूल्क वाट पनि केही आर्थिक श्रोत संकलन भएको पाईन्छ ।[११]

यस ताल वाराही मन्दिर संरक्षण समितिले बैठक बसी विभिन्न सूचना र जानकारीहरु प्रकाशित गर्दछ । यस्ता निर्णयहरु निर्णय गर्दाको समय देखि अर्को निर्णय नभए सम्म लागु गरिन्छ ।

**मन्दिर संरक्षण समितिले जारी गरेका सुचनाहरुः**

२०६७।५।२ गते वसेको यस ताल वाराही मन्दिर संरक्षण समितिको वैठकको निर्णयानुसार यस मन्दिरको आजिवन सदस्य शुल्क रु. ५००१।– रकम कायम गरिएको छ । यसभन्दा अगाडी सो शुल्क रु. ५०१।– थियो । आजीवन सदस्यहरुको नाम मार्वलमा लेख्ने व्यवस्था छ । हालसम्म आजीवन सदस्यको संख्या ३५९ जना पुगेको छ ।[१२] यस मन्दिरको आजिवन सदस्य बन्न चाहाने भक्तजनहरुले रसीद काट्ने ठाउँ वा फोटो ग्राफर संग सम्पर्क राख्नुपर्दछ ।

वर्तवन्ध, विवाह, परेवा, ठूलो पर्दाको फिल्म, भिडियो र टि.भि. छायाँकन गर्दा पहिले नै रसिदकाटी पैसा वुझाउनु पर्दछ । उक्त रकम मन्दिरको कोषमा जम्मा हुन्छ । यस मन्दिरको हाताभित्र हुने कार्यहरुको दस्तुर यस प्रकार छ ।

- व्रतवन्ध र विवाह रु ३०१ भन्दा माथि स्वइच्छा ।
- भिडियो र टि.भि. छायाँङ्कन रु ५०१ भन्दा माथि स्वइच्छा ।

[११] अर्न्तवार्ता, **श्री मित्रलाल पाहारी**, वर्ष ४५, उपाध्यक्ष श्री ताल वाराही मन्दिर संरक्षण समिति, २०६७।१०।१५

[१२] परिशिष्ट नं. २

- ठूलो पर्दाको सिनेमा छायाँङ्कन रु १००१ भन्दा माथि स्वइच्छा ।
- परेवा रु ३०१ भन्दा माथि स्वइच्छा ।

यि आयश्रोतहरुको अतिरिक्त यस मन्दिर क्षेत्रको अन्य आयश्रोत अर्न्तगत मन्दिर वाहिर रहेको दानपेटीमा खसेको रकम,अन्य संघ संस्था र व्यक्तिगत दाताहरुवाट प्राप्त हुने सहयोग, विशेष मेला वा पर्वको दिन मन्दिरमा भक्तजनहरु वाट चढाईएको दान,भेटी बाट प्राप्त आम्दानी, मन्दिर परिसरमा रहेको पसलले समितिलाई मासिक रुपमा तिर्ने भाडा आदि रहेको छ ।[१३]

श्री ताल वाराही मन्दिर संरक्षण समितिका अध्यक्ष श्री हिक्मत वहादुर कुँवरले बृद्ध-बृद्धाहरुको लागी एक ताल वाराही स्वर्गद्धारी वृद्धाश्रम निमार्ण गर्ने योजना पनि अगाडी सार्नु भएको पाइन्छ । यस योजनालाई कार्यरुप दिन मन्दिर संरक्षण समितिले नमिल्ने प्रावधान जिल्ला प्रशासन कार्यालयले जनाएको हुँदा ताल वाराही मन्दिर व्यवस्थापन समिति भनि अर्को एक पन्ध्र सदस्यीय व्यवस्थापन समितिको गठन गरिएको पाइन्छ । यही व्यवस्थापन समितिको मातहतमा रहेर ताल वाराही स्वर्गद्धारी वृद्धाश्रम निर्माण गर्ने योजना अघि सारिएको छ । यस आश्रमको निर्माणको लागी मन्दिरको गुठी ७० रोपनी १४ आना २ पैसा ३ दाम क्षेत्रफलमा रहेको सिम्पानीको जग्गालाई उपयोग गरिने योजना रहेको छ । जुन जग्गा मन्दिरको नाममा छ । यस जग्गाको संरक्षण तीन ढकाल थरका र एक लामिछाने थरका व्यक्तिहरुले उपयोग गर्दै आएका छन् ।[१४]

---

[१३] अर्न्तवार्ता **श्री डम्बर वहादुर नेपाली**, वर्ष ३५, सदस्य श्री ताल वाराही मन्दिर संरक्षण समिति २०६७।०७।०९
[१४] अर्न्तवार्ता **श्री हिक्मत वहादुर कुँवर**, वर्ष ५०, अध्यक्ष श्री ताल वाराही मन्दिर संरक्षण समिति २०६७।१०।१३

**श्री ताल वाराही मन्दिर क्षेत्रको लागी विशेष सहयोगदाताहरुः-**

१) पोखरा नगर विकास योजना वधशाला र रेलिङ्ग निमार्ण एवंम् क्षेत्रफल विस्तार रु. २५०,०००।-

२) पोखरा उप-महानगरपालिका ढुङ्गाछाप्न रु. १,९८,०००।-

३) नेपाल पर्यटन वोर्ड पर्खाल पुन निर्माण रु. १०००००।-

४) श्रीमती डिलमाया नेपाली वैदाम-६, पोखरा रु. १००५००।-

५) स्व.काली बहादुर अधिकारी वैदाम-६, पोखरा गणेश मन्दिर निर्माण र नगद दान रु. ९,०००।-

६) मेजर श्री वालकृष्ण गुरुङ्ग र परिवार, सिमलचौर-८, पोखरा रु. ५६,०००।-

७) क्या. श्री प्रविण राई, धापासी-७, काठमाडौ रु. २५,०००।-

८) रेवान च्याप्टर, पोखरा रु. २१,०००।-

९) मकवानपूर हेटौडा निवासी श्री रु. १८,०००।-

१०) श्री नारायण प्रसाद पहारी, हवनकुण्ड निर्माण ।

११) श्री प्रज्जवल श्रेष्ठ, घण्टा थान १, ईट्टाको स्तम्भ २, देवीको मूर्तिमा चाँदीको कवच र चुनरी प्रदान ।

१२) श्री गणेश वहादुर श्रेष्ठ धोवि गौडा,वगर, पोखरा, १०८ थान पाला प्रदान ।

१३) रेलिङ्ग निर्माण २०५९ पोखरा उपत्यका नगर विकास समितिको आर्थिक सहयोगमा ।[१५]

## ५.५ गुठी व्यवस्था

गोष्ठी प्रथाको प्रारम्भ कहिले देखि भयो भन्ने कुरा एकीन साथ भन्न नसके पनि प्राचीन नेपालको लिच्छविकालको अभिलेखहरुमा गोष्ठीहरु को

[१५] मन्दिरको शिलालेखवाट साभार गरिएको ।

प्रशस्त उल्लेख भएको पाइन्छ । लोककल्याणकारी कामको निमित्त सामुहिक रुपमा बनाइएको संगठनलाई नै गोष्ठी भनिन्थ्यो । यसले सामाजिक हितको निम्ति अनेक धार्मिक, शैक्षिक तथा जन स्वास्थ्य सम्वन्धी काम गर्दथ्यो । यसै 'गोष्ठी' शब्द वाट 'गुठी' वनेको हो । लिच्छीविकालको गुठी व्यवस्था मल्ल कालमा पनि कायम रहेको पाइन्छ । गुठीका सदस्यहरुलाई गुठीयार भनियो । यस्ता गुठीहरु दुई किसिम वाट संञ्चालन गरिन्थे । पहिलो किसिमको गुठी दाताका परिवार द्धारा नै संञ्चालित हुन्थ्यो भने दोस्रो प्रकारको गुठीको संञ्चालनको जिम्मा संस्थाको रुपमा रहेको गुठीयार समुहलाई दिईन्थ्यो । मध्यकालमा लोक कल्याणकारी कामको निम्ती गुठीको प्रयोग गरेको कुरा पाटनको वलटोलमा रहेको अभिलेख वाट पुष्टि हुन आउँछ।[१६]

नेपालमा गुठी व्यवस्था भुमी व्यवस्थाको उपजको रुपमा देखा पर्दै आइरहेको छ । परम्परागत रुपमा गुठी नगद वा जिन्सीको रुपमा देखिदै आए तापनी नगदको अभावका कारण भुमी नै बढी गुठीका रुपमा राखिदै आएको पाईन्छ । गुठीको इतिहासलाई हेर्दा लिच्छवी राजा मानदेव प्रथमको चांगु नारायणको वि.स. ५२१ को अभिलेखमा पहिला गुठी शब्दको उल्लेख भएको पाईन्छ । त्यसकारण लिच्छवीकालमा गुठी व्यवस्था प्रौढ रुपमा पुगीसकेको थियो भन्न सकिन्छ ।

नेपालमा गुठी राख्ने परम्परा कसरी प्रचलित भयो भन्ने सम्बन्धमा समाजमा विभिन्न धारणाहरु विद्यमान पाईन्छन् । कलाकौशल र संस्कृतिका दृष्टिले लिच्छवीकाललाई स्वर्णयुग भनिन्छ । यिनै कलाकौशल र शैलीहरु मुख्यतः मन्दिरहरुको साथै गुम्वा, विहार, दरवार, भवन, पाटी, पौवा, धारा, चौतारो आदी मा देखिने हुँदा समाजमा परोपकारी कार्यमा बढी ध्यान दिईन्थ्यो । धर्म र संस्कृतिको रक्षा र स्थायित्वको लागी कार्यहरु हुन्थे भन्ने

[१६] डा.श्री राम प्रसाद उपाध्याय, **नेपालको सामाजिक, आर्थिक तथा प्रसाशनिक इतिहास**, काठमाडौंः रत्न पुस्तक भण्डार, भोटाहिटी, २०५६, पृ.-८४

थाहा हुन्छ । जसरी प्रमाणका लागी शिलालेख, अभिलेख, ताम्रपत्र, वंशावली आदी राखिन्थे । तिनै श्रोतहरु अहिलेका लागी  प्रमाणिक श्रोत हुन् । यसैले लिच्छवीकालमा नाम कमाउन, अमर रहन, कृति राख्न गुठी राख्नु पर्छ भन्ने भावना थियो ।

नेपालीहरुमा परम्परा देखी प्रगाढ धार्मिक श्रद्धा, आस्था र विश्वासको छाप पर्नुले पनि गुठी राख्ने प्रचलनमा प्रश्रय दिएको पाईन्छ । तर कसैले निस्वार्थ भावना राखी फलको आशा नराखी गुठी राख्दथे भन्ने कुरा वि.स. १८५५ मा श्री ५ रण वहादुर शाहले आफ्नो विसौं जन्मोत्सवको उपलक्ष्यमा काठमाण्डौको तलेजु भवानीको पूजाआजा गर्न सय रोपनी गुठी राखे बाट थाहा हुन्छ ।

गुठीको अस्तित्व नेपालको प्रमाणिक ऐतिहासिक काल देखि नै रहेको पाइन्छ । गुठीको सहि अर्थ वास्तवमा समग्र मानव हित वा मानव धर्म संग आवद्ध रहेको छ । कुनै मठ–मन्दिर, स्तुप, गुम्वा आदिको उचित व्यवस्थापन र संरक्षणका लागी गरिने व्यवस्था संग आवद्ध संस्थाको नाम गुठी हो । यस शब्दको इतिहास लामो छ । गोष्ठी शब्द वाट गुठी वनेको हो ।[१७] प्राचिनकाल देखि नै नेपाली समाजमा प्रचलित गुठी वा गोष्ठी शब्दले आधुनिककाल सम्म आईपुग्दा समयअनुसार विभिन्न अर्थ र परिभाषा समेटेको पाइन्छ । लिच्छविकालमा गोष्ठी वा गौष्ठिक शब्द सामाजिक, धार्मिक, सांस्कृतिक एवं लौकिक कार्यहरु सम्पन्न गर्न गठित संस्था वा समितिको रुपमा प्रयोग भएको पाइन्छ । मल्लकालिन समाजले पनि गुठी सम्वन्धी लिच्छवि कालकै परम्परालाई  अंगालेको पाइन्छ । विभिन्न देवी देवता स्थापना गरी तिनका लागी मन्दिरको निर्माण गर्ने तथा त्यसको पूजाआजा वा धार्मिक कृत्यका

[१७] दिल वहादुर क्षेत्री, **सिद्ध शक्ति पीठ श्री विन्ध्यवासीनी तथा पोखराका केही मठ मन्दिरहरु संक्षिप्त परिचय,** पोखराः श्री विन्ध्यवासीनी धार्मिक क्षेत्र विकास समिति, २०५७, पृ,–१२४

लागी गुठीहरु राख्ने जस्ता क्रियाकलापको प्रचारप्रसार यस युगमा पनि भएको पाइन्छ ।[१८]

नेपाली वृहत शब्दकोशमा पनि गुठीको अर्थ धार्मिक वा परोपकारी कार्य सञ्चालनका लागी छुट्याइएका जमिन त्यसैवाट आउने आयस्तताले देव, पितृको पूजाआजा चलाउने र घरजग्गा सम्पति आदिको रेखदेख गर्ने सामाजिक संस्था भनी उल्लेख गरेको छ ।[१९]

गुठी भन्नाले कुनै मठ वा देवी देवताको पर्व पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक परोपकारी कामका लागी कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, धारा, तलाउ, बाटोघाटो, पुल, चौतारा, गौचरन, वाग-बगैंचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्साघर, इमारत वा संस्था वनाउन, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चलअचल सम्पति वा रकममा हक छोडी राखेको गुठी समेतलाई सम्झनुपर्दछ ।

आधुनिक कालमा गुठी व्यवस्था अध्ययनका दृष्टिले उल्लेखनीय रहेको पाइन्छ । प्राचिनकालदेखि नै परम्परागत रुपले चल्दै आएको गुठी व्यवस्थाले यही कालमा आएर संस्थागत रुपले विकास हुने मौका पायो । अर्थात् लिच्छवि र मल्लकाल सम्म पनि गुठीलाई व्यवस्थित रुपले संचालन वा समायोजन गर्ने कुनै निकाय थिएन । यो केवल सत्य, धर्म, निष्ठा, इमान्दारीमा आधारीत थियो । तर यस कालमा आएर लिपिवद्ध ऐन, नियमद्धारा गुठीलाई सुरक्षीत र उपयोगी वनाउदै लैजाने निति लिएको पाइन्छ । प्रारम्भ देखि नै शाह वंशीय राजाहरुले गुठीप्रति उपयुक्त एवं स्पष्ट दृष्टिकोण लिएको पाइन्छ । उपयुक्त

[१८] हरिराम जोशी, **मध्यकालिन अभिलेख प्राचिन नेपाल**, काठमाडौः पुरातत्व विभाग, २०३६,पृ.-७

[१९] **नेपाली वृहत शब्दकोष**, काठमाण्डौः २०५०, पृ.-३४३

विधान नपुऱ्याई गुठी दिएमा गुठी विर्ताको अस्तीत्व, अस्तीत्वहिन हुन्छ भन्ने दृष्टिकोण त्यसवेला रहेको पाईन्छ ।[२०]

नेपाल एकीकरण पछि पनि गुठीले धार्मिक तथा लोक हितकारी दुवै किसिमको काम गरेको थियो । नुवाकोटको वि.स. १८२० को पृथ्वीनारायण शाहको अभिलेखमा प्रति वर्ष इन्द्रध्वज उठाउने उत्सवका लागी प्रतापसिहं शाह यूवराजले मार्सी धान आउने खेत गुठी राखेको पाईन्छ । वि.स.१८३० को पृथ्वीनारायण शाहको नुवाकोटको शिलालेखमा अशोकवारी चैत्यको स्याहार सम्भार गर्न ४० टंका मुद्रा गुठी राखी त्यसको व्याजवाट काम सम्पन्न गर्ने कुरा लेखिएको थियो । त्यसवेला गुठीले एक किसिमवाट बैंकको काम गर्दथ्यो । गुठीमा जम्मा हुने रकम त्यसै नराखी विधिपूर्वक व्याजमा लगाइन्थ्यो । त्यसवेला रुपैयाँ पैसाको आवश्यकता पर्नेले नियमपूर्वक घरखेत धरौटी राखी गुठीवाट ऋण लिने गर्दथे । यो चलन वर्तमान सम्म पनि चलेको पाइन्छ । वि.स.१८५० को दोलखाको रणवहादुर शाहको ताम्रपत्रमा दोलखा भिमेश्रवर स्थानमा साँझ विहान पूजा गर्न नगरा, सहनाई वजाउन र देवल सत्तल आदिको जिर्णोद्वार गर्न गुठी राखिएको कुरा उल्लेख भएको पाईन्छ ।

राणाशासनकालमा पनि अघि देखि चलि आएको गुठी व्यवस्थामा खास परिवर्तन गरिएन । यस कालमा पनि धार्मिक सहिष्णुताको सिद्धान्तलाई पालन गर्ने चेष्टा गरियो ।[२१] केही गुठीहरुलाई रैकरमा परिणत गरिएतापनि गुठी व्यवस्था आज सम्म कायम रहेको पाइन्छ ।

श्री ताल वाराही मन्दिर संञ्चालनको लागी कास्कीमा राजा कुलमण्डल शाहले वि.स. १८६८ सालमा नित्य पूजा संचालन गर्न लालमोहर जारी गरि वैदामका पाहारी परिवारलाई १०० मुरी खेत माटोको गुठी व्यवस्था गरिएको थियो । पूजारी तर्फ रहेको गुठीको क्षेत्रफल २३ रोपनी १४

---

[२०] जगदीश चन्द्र रेग्मी, **लिच्छीवि संस्कृति**, काठमाडौः रत्न पुस्तक भण्डार, २०३६, पृ.-१५७

[२१] पुर्ववत् पाद टिप्पणी नं. १५, पृ.-८७

आना, २ पैसा २ दाम रहेको छ । जुन गुठी सेदी खेतमा रहेको छ । यो पूजारीहरुलाई मन्दिरमा अक्षता र अन्य आवश्यक सामाग्रीको लागी दिइएको पाइन्छ । यो हालसम्म पूजारीहरुले भोगचलन गर्दै आएका छन् । यही गुठी अर्न्तगतकै खेतको अक्षता मन्दिरमा प्रयोग गरिन्छ । यो सेदी खेतको गुठी अर्न्तगत रहेको जग्गा पूजारीहरुले आपसमा बाँडेर भोगचलन गर्दै आएका छन् । हालसम्म  मन्दिर कै नाममा रहेको छ । यसका अत्तिरिक्त मन्दिरमा बलि छेदन गर्ने पाणाहरुलाई मालेपाटन वडा नं. ५ मा १८ रोपनी ९ आना २ दाम क्षेत्रफल वरावरको जग्गा ३ भाईलाई संरक्षण गर्ने जिम्मा दिइएको थियो । यो गुठी मध्ये ताल वाराहीकै नाममा १४ आना १ पैसा वरावरको जग्गा रहेको छ  भने १० रोपनी ३ आना २ पैसा २ दाम वरावरको जग्गा पाणाहरुले आफ्नो नाममा दर्ता गरेको र बाँकी ७ रोपनी ९ आना २ पैसा वरावरको जग्गा वेच विखन गरिसकेको छ ।[२२]  यस वाहेक मन्दिरमा आवश्यक पर्ने समिदाको लागी पाखो जग्गा पनि गुठी राखिएको छ । जुन जग्गाको क्षेत्रफल ७० रोपनी १४ आना २ पैसा ३ दाम रहेकोछ । यो जग्गा सिम्पानीमा पर्दछ । यो जग्गालाई समिदा वुझाउने गुठी भनि वि.स.२०५४।१०।२४ गते निर्णय गरिएको थियो । यसको कित्ता नं. ४१९ रहेको छ । दिलवहादुर ढकाल, धर्मा ढकाल, धनुमाया ढकाल  र जगतवहादुर लामिछाने समेत ४ जनाले श्री ताल वाराही मन्दिरमा समिदा वुझाई भोगचलन गर्न पाउने विक्री गर्न नपाउने गरी श्रेस्ता पुर्जा तयार गरिएको यो जग्गा ताल वाराही मन्दिरको गुठी अर्न्तगत पर्दछ ।[२३]

यसरी प्राप्त जानकारी अनुसार मन्दिरको गुठी जग्गा पूजा गर्ने प"जारीलाई अक्षताको लागी सेदीखेत, वलिछेदन गर्ने खत्री थरका पाणालाई मालेपाटनको जग्गा र समिदाको लागी सिम्पानीको पाखो वन गरी ३

[२२] पुर्ववत् पाद टिप्पणी नं. १३

[२३] परिशिष्ट नं. ४

प्रकारको रहेको पाइन्छ । यस मन्दिरको गुठी जग्गा नै शुरुमा मन्दिरको आयश्रोत रहेको थियो ।

## ५.६ ताल वाराही मन्दिरको धार्मिक महत्व

मानव जीवनमा धर्मको सर्वोपरि महत्व हुन्छ । मानिस आफ्नो जीवनलाई पवित्र शुद्ध एवं समयसापेक्ष वनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धर्मको वाटो नै अपनाएर धर्म अनुसार नै संस्कारहरु गर्दछ । धर्मले नै संस्कारलाई अगाडि वढाँउछ र संस्कारले संस्कृतिको निर्माण गर्न पुगेको हुन्छ भन्न सकिन्छ । यसर्थ परापुर्व काल देखिनै मानव क्रियाकलापका हरेक कुराहरुलाई धर्म संग जोड्ने गरेको पाइन्छ । पापलाग्छ भन्ने धार्मिक विश्वासका साथ मनुष्यले धर्मलाई अंगीकार गरेको पाइन्छ । जन्म देखि मृत्यु पर्यन्त सम्म मनुष्यले धार्मिक क्रियाकलापहरुलाई अवलम्वन गर्दै जीवनयापन गरीरहेको हुन्छ । धार्मिक भावनालाई अगाडी वढाउदै जाँदा एक सभ्य समाजको निमार्ण भएर सामाजिक तथा आर्थिक विकासमा पनि योगदान दिएको पाइन्छ । यदि धार्मिक सम्पदाका प्रतीक मठमन्दिरहरुको स्थापना हुदैनथ्यो भने यस पोखरा उपत्यकाको धार्मिक अवस्थाले भिन्न रुप लिन सक्थ्यो । अतः कुनै पनि समाज जब राम्रा एवं उन्नत धार्मिक संस्कृतिको अवलम्वन गर्दै सभ्यताको मार्ग तिर बामे सर्न थाल्दछ तव ती सभ्यता र संस्कृति आर्कषणको केन्द्रविन्दु वन्न पुग्दछन् । यस्तै धार्मिक आर्कषणको रुपमा यस श्री ताल वाराही मन्दिरको धार्मिक श्रद्धा, विश्वास र देवी भगवतीको शक्तिलाई लिन सकिन्छ । यस उपत्यकामा रहेका धार्मिक,ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाहरु मध्ये यो ताल वाराहीले पनि देश विदेश सम्म धार्मिक महत्वको प्रचार प्रसार गर्नमा उल्लेख्य भुमिका खेलेको छ ।

नेपाली समाज तथा जीवनशैली परापुर्व काल देखि नै धार्मिक मनोवृत्ति र आस्थावाट प्रभावित भई आएको पाइन्छ । मानिस केही न केही आस्था वोकेर मठ मन्दिरमा गएको हुन्छ । उसले आफ्नो पिडा दुख कष्ट बाट

पार पाउन तन मन लाई शान्त वा शुद्ध पार्न त्यस ठाउँको भ्रमण गर्न वा जानकारी प्राप्त गर्न वा त्यस ठाउँको कलाकृतिको ज्ञान हासिल गर्न जुनसुकै कारणले मन्दिरमा पुगेको भएपनि भगवानको  अगाडी आफुलाई झुकाएको पाइन्छ । जुनसुकै धेयले धार्मिक स्थल पुगेको मानिस पनि त्यस स्थलमा पुगेपछि धार्मिक वन्न पुग्दछ र  नकारात्मक धारणा बाट टाढा रहन्छ, क्षणिक रुपमा भएपनि उसले नराम्रो सोच राख्न सक्दैन । त्यस्ता स्थलहरुको धार्मिक प्रभावलाई कसैले पनि नकार्न सक्दैन । मानिसले आफ्नो जीवनमा गर्ने धार्मिक क्रियाकलापहरुमा देवी-देवताहरुलाई आधार मानेको पाईन्छ भने मन्दिरमा विवाह व्रतवन्ध वा अरु धार्मिक कार्यहरु सिद्ध गर्ने गर्दछन् ।

पोखरा उपत्यकाका विभिन्न मठ-मन्दिरहरुको जस्तै श्री ताल वाराही मन्दिरको पनि छुट्टै पहिचान पाईन्छ त्यसैले यस मन्दिरले खास महत्व राख्दछ जसका आधारहरु निम्न अनुसार छन् ।

१. मन्दिर प्यागोडा शैलीमा हुनाले पहाडी डाँडाहरुमा पाईने कोणधारी जंगलले जस्तै प्रकृती सँग तादम्यता जनाएको पाईन्छ ।

२. पोखरा आउने आन्तरिक तथा वाह्य पर्यटक एक पटक फेवाताल हेर्न अवश्य पुग्ने र यसै तालको बिचमा रहेको  मन्दिरको पनि दर्शन गर्न जाने हुदा यस मन्दिरको महत्व विशेष मानिन्छ ।

३. मन्दिर फेवातालमा रहेको हुनाले एकैपटकमा मन्दिरमा दर्शन गर्न र तालमा डुङ्गा चढेर भम्रण पनि गर्न सकिने ।

४. मन्दिरको आडमा रानीवन नामक घना जंगल रहेको हुँदा सुन्दर वनको दृश्यावलोकन गर्न पनि सकिने ।

५. वाराही देवीको मन्दिर संगै गणेश मन्दिर पनि रहेको हुँदा एकै ठाउमा धेरै देवी-देवता पूजा अर्चना गर्न सकिने ।

६. फेवातालमा डुङ्गा चढेर मन्दिर दर्शन गर्न जादा मनोरम हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिने हुँदा आन्तरिक तथा वाह्य पर्यटकहरु पनि मन्दिरको दर्शन गर्न जाने ।

७. मन्दिर वरिपरिका स्थानिय वासिन्दाहरुमा धार्मिक भावनाको वृद्धि हुन गएको ।

८. मन्दिर दर्शन गर्ने साथै घुम्नआउने मानिसहरुको संख्यामा वृद्धि हुदै गएको ।

९. विशेष चाडपर्वहरुमा भजन किर्तन आदिको आयोजना हुनाले भक्तजनहरुको संख्यामा वृद्धि हुदै जाने ।

१०. तालको बिचमा मन्दिरको अस्तित्व कायम रहेको हुँदा वाराही भगवती देवी प्रति मानिसको आस्था र विश्वास प्रगाढ रहन गई दर्शन गर्ने भक्तजनहरुको घुंइचो लाग्ने ।

११. देश भित्रबाट आउने भ्रमण टोलीहरु तालको बिचमा अडिएर रहेको मन्दिर हेर्ने उत्सुकताका साथ मन्दिर भ्रमण गर्न आउने क्रम बढदै गएको ।

१२. मन्दिर परिसरबाट रमणिय दृश्यावलोकन गर्न सकिने, तालको छेवैमा बसेर मन र शरिरलाई शान्त गर्न सकिने, आनन्द महशुस गर्न सकिने हुँदा वृद्ध-वृद्धा तथा युवा जमातको मन्दिर आगमनमा वृद्धि भएको ।

१३. मन्दिरमा देवी-देवताहरुको दर्शन एवं प"जा आरधना गर्न गएपछि मानिसहरुको आत्मबल बढने, अठोट एवं दृढ विश्वास प्राप्त गर्ने हुँदा धार्मिक भावनामा वृद्धि हुने ।

# परिच्छेद - छ

## ६. ताल वाराही मन्दिरको वातावरणीय प्रभाव :

हाम्रो वरिपरि रहेका सम्पूर्ण जैविक तथा अजैविक वस्तुहरुको सामुहिक स्वरुप एवं अस्तित्व र आपसी अन्तरसम्वन्धलाई वातावरण भनिन्छ । जीवीत वस्तु र तिनलाई प्रभाव पार्ने सम्पूर्ण भौतिक वस्तुहरुको संयोजन र अन्तरक्रिया वाट उत्पन्न परिस्थिति नै वातावरण हो अर्थात हाम्रो वरिपरिका भौतिक, सजिव, निर्जिव, आवश्यक, अनावश्यक वस्तु वा तत्वहरुको अस्तीत्वको समष्टिरुप नै वातावरण हो । वातावरण ऐन २०५३ अनुसार व्राम्हृण्डका प्राकृतिक,सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र ती अवयवहरु विचको अन्तरक्रिया तथा अन्तर सम्वन्धलाई नै वातावरण भनिन्छ । साधारण वुझाईको भाषामा वातावरण भनेको नदीनाला, खोलाखहरे ,तालतलैया, चराचुरुङ्गी, जीवजन्तु वनजंगल, मानववस्ती, भुक्षय, वगैचा,वाटोघाटो ,पुलपुलेसा, अस्पताल, शौचालय, ढल निकास, कृषि, भुमी, खेतीपाती, पार्टी-पौवा, मठ-मन्दिर आदि पर्दछन् । यि स्वच्छ, स्वस्थ्य र व्यवस्थित रहेमा वातावरण राम्रो वन्दछ । तसर्थ यि सम्पूर्ण कुराहरुमा कस्तो प्रभाव पर्दछ भन्ने हिसावले मन्दिरले वातावरणमा पारेको प्रभाव प्रष्ट्याउन सकिन्छ ।

## ६.१ प्राकृतिक सुन्दरता

मठ-मन्दिरहरु जहाँ पनि वस्तीहरुवाट टाढा एकान्त,शान्त ,शुद्ध स्थलमा वनेका हुन्छन, जहाँको वातावरण प्राकृतिक सुन्दरताले भरिपूर्ण हुन्छ । मन्दिर क्षेत्रमा वृक्षारोपण गरी फुल, विभिन्न प्रकारका फल, वगैंचाको विकास गर्न सकेमा प्राकृतिक सुन्दरता झल्की वातावरणलाई मनोरम वनाउन मद्धत गर्दछ । श्री ताल वाराही मन्दिर परिसरमा पनि विभिन्न फुलका वोट विरुवाहरु र

विभिन्न वृक्षहरु छन् । तालको छेउवाट मन्दिरलाई नियाल्दा मन्दिर ढकमक्क वृक्षहरुको विचमा अवस्थित टापु जस्तो देखिन्छ । यस क्षेत्रमा प्रवेश गरेपछि शान्त प्राकृतिक दृश्यले आनन्द आउने भई मनमस्तिष्कलाई शान्त वनाउन मद्दत पुऱ्याउंछ । मन्दिर परिसरवाट उत्तर पुर्व हेर्दा देखिने हिमश्रृंखलाहरुले प्राकृतिक वातावरण लोभ लाग्दो देखिन्छ भने फेवातालको पारी विशाल रानीवनले यहाँको प्राकृतिक सुन्दरतामा सुनमा सुगन्ध थपेको पाईन्छ । ताल, वन र हिमश्रृंखलाहरुको अनुपम संगम स्थल श्री ताल वाराही मन्दिर प्राकृतिक सुन्दरताले भरिपूर्ण एक पवित्र तिर्थस्थल भएकोले यसले पार्ने वातावरणीय प्रभावलाई विशेष महत्वका साथ मुल्यांकन गर्नुपर्ने देखिन्छ ।

## ६.२ पर्यटकीय विकास

हाम्रो देश नेपालको पोखरा पर्यटकीय महत्व वोकेको सुन्दर स्थल हो । जहाँ देश विदेशका पर्यटकहरुको आगमन हुन्छ । जुन विश्वका पर्यटकहरुको लागि पर्यटन गतन्व्य बनेको छ । यही पर्यटकीय स्थल लेकसाईडमा पर्यटकीय विकास गर्ने उद्देश्यले पर्यटन व्यवसायलाई अपनाएको पाईन्छ । यस मन्दिरमा दर्शन गर्न श्रद्धालु भक्तजनहरु आउने जाने हुँदा पर्यटकीय विकासमा सहयोग पुग्दछ । मानिसहरु आउने जाने क्रमले प्रचार प्रसार भई यस क्षेत्रको विकासमा पनि ठुलो प्रभाव परेको छ । पोखराको मुख्य पर्यटकीय स्थल लेकसाईडमा रहेको यस मन्दिरले आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गरेको छ । फेवातालमा रहेको श्री ताल वाराही भगवती देवी मन्दिर पनि पर्यटकीय केन्द्रको रुपमा रहेको छ । मन्दिर परिसरमा वाह्य पर्यटकहरुको साथै आन्तरिक पर्यटकहरुको जमघटले पर्यटकीय विकासमा टेवा पुगेको देखिन्छ । साथै पर्यटक तथा श्रद्धालु भक्तजनहरुले आफ्नो देश वा आफ्नो क्षेत्रमा यस्तै प्रकारको पर्यटकीय स्थल निर्माण गरी अरुलाई आकर्षित गर्न र आफ्ना शिपका उत्पादन विक्रीको वातावरण वनाउन सक्छन् । पर्यटकीय विकासले गर्दा भिन्न स्थानका व्यक्तिहरुको भेटघाट र विचारहरुको अदान

प्रदान भई सामिप्य, मित्रता तथा सहयोगको भावना समेत विकास हुन सक्दछ । नेपाल सरकारले सन् २०११ लाई नेपाल पर्यटन वर्षको रुपमा मनाउन लागेको स्थितीमा यस मन्दिरले पर्यटकीय विकासमा थप प्रभाव पार्ने देखिन्छ ।

यहाँ रहेको होटल लज एवंम रेष्टुरेन्ट वा पर्यटन व्यवसायीहरुले पर्यटकको हितलाई र आफ्नो व्यवसायलाई ध्यानमा राखेर पर्यटकहरु प्रति असल व्यवहार गर्दछन् । यहाँ रहेका साना देखि ठुला व्यवसायीहरुले पर्यटकको चाहना अनुरुपको सेवा प्रदान गर्दै आएका छन् । यसका अतिरिक्त पर्यटन वर्ष २०११ को अवसरमा पर्यटन वर्षलाई थप टेवा दिने हेतुले तथा पर्यटन व्यवसायलाई सफल पार्ने उद्देश्यले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेका छन् ।

## ६.३ फोहोर मैला व्यवस्थापन

मन्दिर क्षेत्रमा फोहोर मैला गर्नु हुदैन भन्ने धार्मिक विश्वासका साथ वातावरण लाई दुषित हुन नदिन सरसफाईमा विशेष ध्यान दिएको पाइन्छ । मन्दिर क्षेत्र विशेष पर्यटकीय क्षेत्र भएको हुँदा सफा राखौं भन्ने अभियानका साथ सरसफाई कार्यक्रम गरिएको पाइन्छ । मन्दिर क्षेत्रका भक्तजनहरु तथा छिमेकीहरु धार्मिक भावनाले ओतप्रोत भएको हुँदा स्वच्छ, शान्त वातारण राख्नका लागी विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । मन्दिर परिसरमा सरसफाईको लागी १ जना महिला कर्मचारीको व्यवस्था गरिएको छ । जसले मन्दिर परिसर नियमित रुपमा सफा गर्दछीन् । मन्दिरको भुईमा ढुँगा छापिएको हुँदा मन्दिर परिसर सफा देखिन्छ । मन्दिरवाट निस्केको फोहोरको लागी छुट्टै ठाउँको व्यवस्था गरिएको छ । मन्दिर परिसरमा शौचालयको निर्माण गर्दा शौचालयको निकास तालमा गर्नुपर्ने हुँदा ताल फोहर हुने हुनाले परिसरमा शौचालयको व्यवस्था भएको पाइदैन । खानेपानी, टंकी, धारा मन्दिर परिसर भित्रै हुनाले सरसफाईमा

राम्रो सहयोग पुगेको छ । जसको प्रभाव सहजै श्रद्धालु भक्तजन र पर्यटकहरुले महशुस गर्न सक्दछन् ।

## ६.४ आर्थिक विकास

कुनै पनि क्षेत्रको आर्थिक विकास त्यस क्षेत्रमा हुने आर्थिक क्रियाकलापको आकारमा निर्भर गर्दछ । यस्ता देशका विभिन्न भागका आर्थिक गतिविधिले देशको समग्र अर्थतन्त्रमा सकरात्मक प्रभाव पारेको हुन्छ । यस मन्दिरको दर्शन गर्न जाने क्रममा त्यस क्षेत्रमा विभिन्न किसिमका आर्थिक क्रियाकलाप हुने  गर्दछन् । पोखरामा चल्ने यातायातका साधनको आम्दानी देखि डुङ्गा व्यवसायी, पुष्प व्यवसायी, होटल व्यवसायी, हस्तकला उद्योग, फोटोग्राफर तथा कलरल्याव व्यवसायीहरुको आम्दानी प्रत्यक्ष प्रभावको रुपमा पर्दछन् भने अप्रत्यक्ष रुपमा विभिन्न गतिविधिहरु संलग्न भएको पाईन्छ ।

अर्थ मानव जीवन निर्वाहको प्रमुख आधार हो । तसर्थ कुनै पक्षको अध्ययन गर्दा आर्थिक पक्षलाई छुटाउन मिल्दैन । मन्दिरमा हुने धार्मिक क्रियाकलापले धेरैको जिविकोपार्जन भएको छ । मन्दिरमा विभिन्न पर्व, अवसर, महोत्सवहरु तथा अन्य समयहरुमा श्रद्धालु भक्तजन तथा पर्यटकहरुको आगमनको कारण विभिन्न वस्तुहरुको लाभ समेत हुने हुनाले मन्दिरका माध्यमबाट आर्थिक पक्ष पनि प्रभावित भएको देखिन्छ ।

## ६.५ रोजगारीको विकास

यस मन्दिरले विभिन्न किसिमका रोजगारीको अवसरहरु सिर्जना गरेको पाईन्छ । मन्दिरमा काम गर्ने एक जना महिला कर्मचारीको व्यवस्था भएको पाइन्छ । जसको कारण ती महिलाले रोजगारीको अवसर प्राप्त गरिन् । त्यसैगरी मन्दिरसम्म जानको लागी फेवातालमा डुङ्गा चढेर जानुपर्ने हुँदा डुङ्गा व्यवसायीहरुले रोजगारी प्राप्त गरेका छन् । श्री ताल वाराही मन्दिर दशर्न

गर्न जाने दर्शनार्थीहरुका लागी विभिन्न सुविधा भएका डुङ्गाहरु सन्चालन गरिएको छ । जसमा मन्दिर दर्शन गर्ने र मन्दिर परिक्रमा गर्ने दुईतर्फी डाँक सेवा नामक डुङ्गा सञ्चालन भएको छ । यो डुङ्गाले नेपालीहरुको लागी रु.२० र विदेशीहरुको लागी रु.४० प्रतिव्यक्ती भाडा लिने गर्दछ । मन्दिरमा दर्शन गर्न जाने दर्शनार्थीहरुको हित र सुविधालाई  ध्यानमा राखेर यस्तो डाँक सेवा सञ्चालन गरिएको हो । यसका अतिरिक्त व्यक्तिगत डुङ्गाहरु पनि सञ्चालन गरिएका छन् । जुन पर्यटक एवम् दर्शनार्थीहरुले भाडामा लिएर आफ्नो ईच्छा अनुसार मन्दिर दर्शन एवं तालको भ्रमण गर्ने गरी प्रयोग गर्दछन् । यी डुङ्गा व्यवसायीहरुले समय, मन्दिर दर्शन, तालको कती भागको भ्रमण आदिको आधारमा भाडादर निर्धारण गर्दछन् । यसरी डुङ्गा व्यवसायीहरुलाई रोजगारीको वातावरण बनेको पाईन्छ । यस्तै गरी बाराही मन्दिर दर्शन गर्न जाने डुङ्गा घाटमा श्रद्धालु  दर्शनार्थीहरु र पर्यटकहरुलाई सुविधा प्रदान गर्ने हेतुले विभिन्न पसलहरु सञ्चालन गरिएको पाईन्छ । जसमा भोकाएका-तिर्खाएका व्यक्तिहरुलाई चिया, नास्ता र पानी उपलब्ध गराउने साना-साना होटलहरु, पोखराको चिनो झल्काउने खालका विभिन्न आकर्षक वस्तुहरु वेच्ने पसलहरु, विभिन्न सजावटका सामानहरु वेच्ने पसलहरु र  मन्दिर दर्शन गर्न आउने भक्तजनहरुको लागी आवश्यक पर्ने पूजा सामाग्री उपलब्ध गराउने विभिन्न पसलहरु सञ्चालन भएका छन् । यस्ता व्यवसाय गर्ने व्यावसायीहरुले यस मन्दिरकै कारण स्व-रोजगारको अवसर प्राप्त गर्न सकेका छन् ।

मन्दिरका प"जारीहरुले मन्दिरमा प्राप्त हुने भेटी वापत प"जा गर्दछन् । तेह्र,चौधजना प"जारीहरुले मन्दिरमा प"जा गर्ने हुँदा प"जारीहरुलाई रोजगारीको अवसर प्राप्त भएको छ । मन्दिरको परिसरमा एक पसल सञ्चालन गरिएको छ । जसले दुई, तीन जनालाई रोजगार उपलब्ध गराएको छ । यसैगरी विभिन्न संभाव्य रोजगारीको अवसरहरु पनि छन् । पर्यटक तथा भक्तजनहरुलाई मन्दिरका बारेमा चिनारी तथा जानकारी दिने काममा केही व्यक्तीहरुको आवश्यकता हुन गई मानिसहरुले रोजगारी पाउने  हुन सक्दछ ।

विभिन्न प्रकारका अभिलेखहरु राख्ने जस्तै पर्यटकको दैनिक आगमन रेकर्ड, पर्यटकहरुबाट चढाइएको रकम संकलन जस्ता विविध खाले कार्यहरुको विस्तार भई मानिसहरुले थप रोजगारीका अवसरहरु पाउने संभावना हुन्छ । यसरी मन्दिरको स्थापना र विकास बाट त्यस क्षेत्रमा रोजगारीका अवसरहरु उपलब्ध हुन गई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाइदाहरु प्राप्त हुन जान्छन् ।

## ६.६ ताल वाराहीको रमणीय पक्ष

मन्दिर निर्माण कलात्मक तरिकाले हुनाले र मन्दिर रहेको स्थान आर्कषक भएको हुनाले मन्दिरको वातावरण रमणीय देखिन्छ । विभिन्न प्रकारका सुगन्ध दिने धुप वाल्नाले मन्दिर परिसरको वातावरण सुगन्धित रहन्छ । मन्दिरका विभिन्न कलाकौशल, विभिन्न आकृती, चदुँवा, गजुर, शङ्ख घण्टाको धुन, मन्दिरमा उडाईएका परेवाहरुको वेग आदीले मन्दिरको वातावरणलाई रमणीय वनाउन सघाऊ पुऱ्याएको छ । मन्दिर तालको विचमा रहेको हुँदा तालमा सयर गरिरहेको डुङ्गा र डुङ्गामा चढेका भक्तजन एवं पर्यटकहरुले फेवाताल र ताल वाराहीको वातावरण अत्यन्त रमणीय वन्दछ । यस्तो आकर्षक तालमा डुङ्गा चढेर स्वच्छ वातावरणमा मनलाई शान्त पार्दै देवी भगवतीको दर्शन गर्न पाउँदा जो कोहीलाई पनि आनन्दको अनुभूती हुन्छ साथै मन्दिरको चारैतर्फ तालको दृश्य देखिने हुँदा आंफू तालको विचमा रहेको रमणीय अनुभूती समेत गर्न सकिन्छ भने पारीपट्टि रहेको रानीवन र तालवाट देखिने हिमश्रृङखलाहरुको मनोरम दृश्यले ताल वाराहीको रमणीय पक्षलाई थप उजागर गरेको पाईन्छ ।

## ६.७ तालले मन्दिरमा पारेको प्रभाव

श्री ताल वाराही मन्दिर फेवातालमा अवस्थित रहेको हुँदा ताल र मन्दिरको विचमा अनोन्याश्रित सम्वन्ध रहेको पाईन्छ । मन्दिर जाने दर्शनार्थीहरुले तालको भ्रमण गर्ने र ताल घुम्न आउने पर्यटकहरुले मन्दिर दर्शन गर्ने वातावरण यहाँ सिर्जना भएको पाइन्छ । मन्दिर र ताल दुवैले एक अर्कालाई चिनाएका छन् । तसर्थ यि दुवै क्षेत्रको विकासमा एक अर्काले टेवा दिएको पाईन्छ । तालको कारण मन्दिर र मन्दिरको कारण तालको महत्व वढ्न गएको छ । फेवातालमा डुङ्गा चढेर मन्दिर आउन जान पर्ने हुँदा तालले मन्दिरमा प्रभाव पारेको पाइन्छ । मन्दिर जाने, आउने मान्छेको चाप वढी हुने, धेरै मान्छेको आवतजावतले जथाभावी फोहर फाल्ने भई प्रदुषण वढ्न जाने, भिडमा पालो मिच्ने, झै-झगडा हुन सक्ने जस्ता नराम्रा पक्षहरुले फेवातालको कारण मन्दिरमा प्रभाव परेको देखिन्छ । अर्को पक्षलाई नियाल्दा धेरै जसो युवा युवतीहरु यहाँ घुम्न आउने गर्दछन् । उनीहरुका उत्ताउला क्रियाकलापले मन्दिरको वातावरण लाई अमर्यादीत वनाएको पनि पाइन्छ ।

## ६.८ ताल वाराहीको वातावरणीय संरक्षण तथा सम्वर्द्धन

मानविय जीवनको सम्वन्ध समाज संग प्रगाढ छ । मानिस नै एक मात्र त्यस्तो प्राणी हो, जसले आफ्नो वुद्धि र विवेकले समस्त सृष्टिलाई आफ्नो अनुकुल मोडन् धेरै थोरै सफल देखिन्छ । समयको अन्तरालमा मानव समाजमा कल्याणकारी भावना उत्थान र विकासलाई टेवा पुऱ्याउने संघसंस्थाहरु तथा धार्मिक स्थलहरु अस्तित्वमा आउन थाले । वास्तवमा हिन्दु तथा वौद्ध धर्ममा आधारित नेपाली समाजलाई नियाल्दा मठ-मन्दिर, गुम्वा, चैत्य, स्तुपहरुले धार्मिक सम्पदाको प्रतिनिधित्व गरेको पाईन्छ । यसको अर्थ कुनै पनि मठ-मन्दिर एवंम् स्तुप, चैत्य आदी मानवीय भावना र वातावरणीय संरक्षण एवंम् संम्वर्द्धनको प्रतिकको रुपमा निर्माण गरिएका छन् ।

हाम्रो वरपर निर्मित विविध सम्पदाहरु मध्ये धार्मिक सम्पदा अर्न्तगत पर्ने मठ मन्दिरहरुको उचित संरक्षण तथा संम्वर्द्धन गर्नु सवैको दायित्व हुन जान्छ । तसर्थ मठ मन्दिरहरु निर्माण भएको क्षेत्रमा विविध आवास गृहहरु, पानी ट्याङकी, पर्खाल, कुवा, चौतारी, आश्रमहरुको स्थापना भई भौगोलिक हिसावले त्यहाँको जग्गाको संरक्षण र संवर्द्धन हुन जान्छ ।

त्यस्तै ताल वाराही मन्दिरमा पनि मन्दिर परिसरको संरक्षण तथा संम्वर्द्धनको लागि विभिन्न क्रियाकलापहरु गरिएको पाईन्छ । जस अर्न्तगत मन्दिर रहेको भागलाई विस्तार गरि मन्दिर परिसरलाई फराकिलो वनाइएको छ । मन्दिर प्रवेश गर्ने घाटमा तालवाट ढलान गरिएको पक्की सिडीहरु निमार्ण गरिएको छ भने मन्दिर परिसरको चारैतिरको पर्खालमा रेलिङ्ग लगाएर दुघर्टनावाट वच्ने अनुकुल वातावरण निर्माण गरिएको पाईन्छ । यसका साथै श्री ताल वाराही मन्दिरमा वातावरण सम्वन्धी सुचना समेत जारी गरिएको छ । जसमा निम्न कुराहरु उल्लेख गरिएको पाईन्छ । **यस ताल वाराही मन्दिरको वातावरण स्वच्छ वनाउनु हाम्रो मानवीय कर्तव्य भएकोले वातावरणलाई थप मनोरम वनाउन माछाहरुलाई चामल दाना दिई नजिक आकर्षित गराई रहेका छौं । यसै समितिले मन्दिर संरक्षण क्षेत्र ३०० मिटर तोकेको छ । सो क्षेत्र भित्र जाल, हाते वल्छी हाली माछा मार्न निषेध गरिएको छ । उपरोक्त नियमको उल्लंघन गरी कसैले माछा मार्ने कार्य गरेमा समितिको नियम वमोजिम कडा सजाय गरिनेछ । सार्वजनिक सम्पत्ति आफैं लुट्ने कार्य गर्नु हुनेछ । तसर्थ कृपया उक्त कुराहरु मनन् गरौं ।**

माथी उल्लेखित विविध कुराहरुका अतिरिक्त यस मन्दिरले वातावरणका अन्य क्षेत्रमा पनि प्रभाव पारेको पाईन्छ । मन्दिरको कारणले विविध समुदायका मानिसहरुको भेटघाट हुने वातावरण वन्न गई ठुला सानाको भेदभाव हुदैन । सवैमा माया, ममता, सहिष्णुता, सद्भाव, सहयोगको भावना विकास भएको छ । छुवाछुतको भेदभाव नहुने चेतनाको विकास भएको छ । मठ-मन्दिर प्रवेशले मानिसले शान्तिको अनुभव गर्दछ । नराम्रा धारणाहरुको परित्याग गर्दछ वा

